## विशेष इजलास

१

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ, मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री प्रकाश वस्ती,** रिट नं. ०६५-WS-००१९, उत्प्रेषण मिश्रित परमादेश, *कमलेश द्विवेदी वि. प्रधानमन्त्री तथा मन्त्रिपषिद्को कार्यालय समेत*

करयोग्य सम्पत्ति भएर पनि कर नतिरी सम्पत्ति लुकाएर बस्ने व्यक्तिलाई दण्डनीतिका माध्यमबाट हतोत्साहित बनाई कर तिर्न बाध्य पार्ने वा उनीहरूलाई प्रोत्साहन वा विशेष सहुलियत दिएर करको दायरामा ल्याउने भन्ने कुरा विशुद्ध कार्यकारी नीतिसँग सम्बन्धित विषय हो। त्यस्तो नीतिगत विषयमा यस अदालतले हस्तक्षेप गरी अन्यथा भन्न मिल्ने स्थिति नहुने।

स्वयं घोषणाद्वारा राज्यलाई १० प्रतिशत कर तिरेकै भरमा त्यस्तो सम्पत्तिको स्रोत खोज्न नपाइने, कुनै पनि मुद्दामा प्रमाणमा नलाग्ने र मुद्दा चलाउन तथा सजाय गर्न नमिल्ने हो भने गैरकानूनी ढंगबाट आय आर्जन गर्ने र आपराधिक क्रियाबाट कालो धन थुपार्नेलाई प्रोत्साहन मिल्दैन भन्न सकिँदैन। राज्यले अपराध वा अपराधीलाई प्रोत्साहन हुने नीति अख्तियार गर्दा एक प्रकारले दण्डहीनताको अवस्था सिर्जना हुन जाने।

सार्वजनिक पदमा बसी वा सार्वजनिक पदमा नबसेकाहरूले पनि अनुचित कार्य वा भ्रष्टाचार गरी गैरकानूनी रूपले सम्पत्ति आर्जन गरी त्यसैबाट १० प्रतिशत कर तिर्ने व्यक्तिको सम्पत्तिको स्रोतबारे छानबीन गर्न वा मुद्दा चलाउन नपाउने हो भने सार्वजनिक पदमा रही भ्रष्टाचार गर्नेलाई प्रोत्साहन मिल्ने मात्र होइन अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई संविधान र प्रचलित कानूनबमोजिम प्रदत्त क्षेत्राधिकार कटौती भई सो निकायको काम कारवाहीमा अनुचित हस्तक्षेपको अवस्था सिर्जना हुन पुग्ने।

इजलास अधिकृत : नारायणप्रसाद सुवेदी
कम्प्युटर : सुन्दरबहादुर कार्की
इति संवत् २०६७ साल साउन २७ गते रोज ५ शुभम्।

२

**मा.न्या श्री खिलराज रेग्मी, मा.न्या. श्री अवधेशकुमार यादव र मा.न्या. श्री सुशीला कार्की,** रिट नं २०६६-WS-०३१८, उत्प्रेषण, *पुष्पा न्यौपाने वि. शिक्षक सेवा आयोग, सानोठिमी समेत*

वैध कानूनले शिक्षक सेवा आयोगलाई अधिकार प्रदान गरेको र सोही अधिकारअन्तर्गत आयोगबाट सम्पादन भएको कार्यलाई अन्यथा भन्न मिल्ने पनि हुँदैन। तसर्थ शिक्षकहरूको बढुवा सम्बन्धी सिफारिशउपर परेको उजूरीमा छानबीन गरी नतिजा पुनरावलोकन गर्न पाउने अधिकार शिक्षक सेवा आयोगलाई रहे भएकै देखिने।

निवेदिकाले दावी गरे झैं निवेदिकाले भन्दा कम अङ्क प्राप्त गर्ने शिक्षकहरूलाई बढुवा नतिजा पुनरावलोकनसम्बन्धी सूचनामा समावेश गरिएको नपाइएको र मूल्याङ्कन फाराममा केरमेट गरिएको अवस्था समेत नदेखिएको हुँदा शिक्षक सेवा आयोगले आफूलाई कानूनले प्रदान गरेको अधिकारअन्तर्गत बढुवा नतिजा पुनरावलोकन गरी गोरखापत्र दैनिकमा प्रकाशन गरेको सूचना र सो सम्बन्धी आयोगको निर्णयबाट यी निवेदिकाको संविधान एवं कानून प्रदत्त हकमा आघात पुगेको अवस्था नदेखिने।

इजलास अधिकृतः उमेश कोइराला
इति संवत् २०६७ साल भदौ २४ गते रोज ५ शुभम्।

- यसै प्रकृतिको रिट नं. २०६६-WS-००१७, उत्प्रेषण, *पुष्पा न्यौपाने वि. व्यवस्थापिका संसद् समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या श्री बलराम के.सी., मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** रिट नं. २०६६-WS-००१६, उत्प्रेषण समेत, *केशवराज अर्याल वि. व्यवस्थापिका संसद समेत*

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री मोहनप्रकाश सिटौलाको रायः**

गाउँ विकास समिति वा नगरपालिकाले पनि दुबै थरिलाई भरसक सम्झाई बुझाई मेलमिलाप गराई दिनुपर्छ भन्ने व्यवस्थाको विधायिकी इच्छा

सम्बन्ध बिच्छेद गराउनेतर्फ भन्दा लोग्ने स्वास्नीको सम्बन्धलाई सकभर कायम राखी निरन्तरता दिनेतर्फ कानूनको मनसाय देखिन्छ । दुबै थरिको मञ्जूरीले सम्बन्ध बिच्छेद गर्न चाहँदा पनि लोग्ने स्वास्नी दुबैलाई सम्झाउनु पर्ने र सम्झाउँदा बुझाउँदा पनि मेलमिलाप हुन नसकेको अवस्थामा विवाह कायम राख्नुभन्दा सम्बन्ध बिच्छेद गराउनु दुबैको हितमा हुने देखिएको अवस्थामा मात्र सम्बन्ध बिच्छेद हुन सक्ने देखिन्छ । तर सम्बन्ध बिच्छेद हुने वा नहुने भन्ने कुराको निर्णय गर्ने अन्तिम अधिकार जिल्ला अदालतमा नै रहेको देखिने ।

लोग्ने स्वास्नीबीच हुने सम्बन्ध बिच्छेदको विवादमा फरक-फरक प्रक्रिया अपनाउनु पर्ने कानूनी व्यवस्थाले महिला वा पुरूष दुबैको विकास वा सशक्तीकरणमा कुनै भूमिका निर्वाह गर्दैन । एउटै प्रयोजनको लागि फरक फरक कार्यविधिगत (Procedure) व्यवस्थाले महिला तथा पुरूषमा एक अर्काको हैसियतमा फरक पार्न सक्ने देखिदा यस्ता कानूनी व्यवस्थाहरूमा एकरूपता वा सामञ्जस्यता हुने किसिमबाट भै रहेको कानूनमा सुधार वा परिमार्जन गर्न आवश्यक देखिने ।

दुबैको मञ्जूरीले सम्बन्ध बिच्छेद गर्न चाहेमा लोग्ने स्वास्नी दुबैले सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकामा निवेदन गर्नुपर्नेछ र गाउँ विकास समिति वा नगरपालिकाले पनि दुबै थरिलाई भरसक सम्झाइ बुझाई मेलमिलाप गराई दिनुपर्नेछ । त्यसरी सम्भाउँदा बुझाउँदा पनि मेलमिलाप हुन नसकेमा र विवाह कायम राख्नुभन्दा सम्बन्ध बिच्छेद गराउनु श्रेय भएमा निवेदन परेको एक वर्षभित्र आफ्नो रायसहित संलग्न गरी प्राप्त निवेदन सम्बन्ध बिच्छेद गर्ने अधिकार भएको सम्बन्धित जिल्ला अदालतमा पठाउनु पर्छ भन्ने व्यवस्था यो आदेश प्राप्त भएका मितिले १ वर्षभित्रमा लोग्ने मानिसप्रति भेदभाव नहुने गरी संशोधन गरी मिलाउने भनी विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतका नाउँमा निर्देशनात्मक आदेश जारी हुने ।

लोग्ने स्वास्नीको महलको १क नं. को उल्लिखित व्यवस्था नागरिकहरूको वैयक्तिक स्वतन्त्रता (समानताको हक बाहेक) अन्य कुनै हकमा तत्काल आघात पर्ने अर्थात् नागरिकहरूको मौलिक हकको प्रयोगमा बन्देज लाग्ने खालको व्यवस्था र अवस्था नदेखिएकोले धारा १०७(१) को असाधारण अधिकार प्रयोग गरी तत्काल अमान्य र बदर घोषित गरी हाल्नु पर्ने अवस्था नदेखिने ।

**मा.न्या.श्री प्रेम शर्माको राय:**

पूर्व निरोपण भैसकेको कानूनी प्रश्नको विषयलाई लिएर पटक पटक संवैधानिकताको प्रश्न उठाई रिट दायर गर्न निवेदकलाई संविधान र निर्णय अन्तिमताको सिद्धान्तले समेत सहयोग गर्न नसक्ने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६६ साल चैत १९ गते रोज ५ शुभम् ।

४

**मा.न्या श्री बलराम के.सी., मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** रिट नं २०६७-WS-००१०, उत्प्रेषण समेत, *प्रकाशमणि शर्मा समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

अदालतले कानूनको व्याख्या गर्दछ, कानूनको संवैधानिकता परीक्षण गर्दछ । त्यसो गर्दा कानूनी रिक्तताको अवस्था सिर्जना भै कानूनविहीनता वा दण्डहीनताको स्थिति आउन नदिनका लागि विशेष सावधानी अपनाउँछ । प्रस्तुत विवादका सन्दर्भमा स्त्री अंशधनको ७ नं. मा रहेको कानूनी व्यवस्थाको अभावमा स्त्री अंशधनका अन्य प्रावधान प्रभावित हुने अवस्था देखिँदैन । उक्त ७ नं. मा रहेको कानूनी व्यवस्थालाई स्त्री अंशधनको महलमा १ नं र २ नं. का कानूनी प्रावधानले पूर्ण रूपमा सम्वोधन गर्नसक्ने अवस्था हुँदा स्त्री अंशधनको ७ नं. मा रहेको कानूनी व्यवस्थालाई बदर घोषित गर्दा कानूनी संरचनामा कुनै किसिमको अन्यौल र अनिश्चयको स्थिति आउने नदेखिँदा मुलुकी ऐन, स्त्री अंशधनको ७ नं. को कानूनी व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ द्वारा प्रदत्त समानताको

हक एवं सम्पत्तिसम्बन्धी हक समेतसँग बाझिएको देखिएबाट उक्त कानूनी व्यवस्था आजैका मितिदेखि लागू हुने गरी बदर हुने ।

इजलास अधिकृत : उमेश कोइराला

इति संवत् २०६७ साल भदौ १० गते रोज ५ शुभम् ।

५

**मा.न्या. श्री रामकुमारप्रसाद शाह, मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की,** २०६६-WS-००२, उत्प्रेषण समेत, *सुरेन्द्रप्रसाद कानू समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

संविधानको व्यवस्था कार्यान्वयन गर्न माध्यमिक तहसम्म निःशुल्क शिक्षा दिने गरी तर्जुमा गरिएका कानूनी व्यवस्था संवैधानिक प्रतिकूल नभई सो संविधानको मर्म र भावनाअनुकूल हुँदा सो आधारमा निर्मित कानूनी व्यवस्था र राज्य नीतिहरूलाई समर्थन गर्नु निवेदकलगायत जोसुकै नेपाली नागरिकको कर्तव्य नै हो । संविधानको व्यवस्थाबमोजिम निःशुल्क रूपमा आफ्ना नागरिकहरूलाई आधारभूत शिक्षा प्रदान गर्ने राज्यको यस्तो लोककल्याणकारी उद्देश्य र कार्यक्रमलाई नकारात्मक रूपमा प्रभावित पार्ने माग गरी आफ्नो निजी स्वार्थ वा हित कायम गराउने निवेदकहरूको आत्मपरक र व्यक्तिवादी सोच र प्रवृत्तिलाई यस अदालतले टेवा पुऱ्याई वृहत सार्वजनिक हीत विरूद्ध रिट जारी गर्नु संविधानसम्मत नहुने ।

विद्यालय व्यवस्थापन समितिले विद्यालयको आफ्नो आम्दानीको स्रोतको आधारमा शिक्षक, कर्मचारी नियुक्त गर्न सक्नेसम्मको कानूनी व्यवस्थाले त्यसरी नियुक्त भएका शिक्षक, कर्मचारीले बिना कानूनी आधार अन्य नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा रहेका स्थायी शिक्षक सरह सेवा सुविधा माग गर्ने कानूनी आधार समेत केही देखिएन । शिक्षकलाई दिनु पर्ने तलव, भत्ता लगायतका अन्य सेवा सुविधाहरूको बारेमा स्रोत जुटाउन नसक्ने अवस्थामा सम्बन्धित विद्यालयको हक जाने अवस्था समेत नहुने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६६ साल चैत ५ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री रणबहादुर बम,** स.फौ.पु.नं. ०६४-CR-०८२०, ठगी, *रक्षा थापा वि. नेपाल सरकार*

प्रतिवादीले बेलायतमा रेष्टुरेण्ट रहेको भन्ने कुराको यो यस्तो वास्तविक वा अवास्तविक प्रतीत हुने प्रमाण पेश गरी वा गफलतमा पारी निजसँग ठगी गरेको भनी सामान्य व्यक्तिले विश्वास गर्न सक्ने आधार जाहेरवालाले जाहेरी दरखास्त र अदालतसमक्षको बकपत्रमा समेत खुलाउन नसकेको र अनुसन्धानबाट समेत सो कुरा खुल्न आएको देखिँदैन । यी पुनरावेदिकाले जाहेरवालाबाट रू. आठ लाख लिएको भन्ने कुराको कुनै लिखत प्रमाण समेत जाहेरवालाले पेश गर्न सकेको छैन । केवल जाहेरवालाको मौखिक कथनको भरमा मात्र यी प्रतिवादीले रू. आठ लाख लिएको होला भनी अनुमान गर्न मिल्ने पनि देखिएन । बिना आधार प्रमाण बेलायतमा रहेको रेष्टुरेण्ट नेपालमा बसी खरीद गर्ने कुराको विश्वासमा पर्ने विषय असामान्य र काल्पनिक मात्र देखिने ।

इजलास अधिकृत : नारायणप्रसाद सुवेदी

कम्प्युटर : मसकुन्द बिष्ट

इति संवत् २०६७ साल असोज ९ गते रोज ३ शुभम् ।

२

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री रणबहादुर बम,** स.फौ.पु.नं. ०६३-CR-००६९, लागू औषध, *नेपाल सरकार वि. पाल्तेन लामा समेत*

लागू औषधको प्रयोगबाट खास गरी युवा वर्गलाई नराम्रोसँग कुलतमा फँसाउने र अन्ततोगत्वा समाजलाई नै नकारात्मक असर पार्ने हुँदा यसको नियन्त्रण वा रोकथामको लागि राज्यले विशेष कानून बनाई कडा सजायको व्यवस्था गरेको छ । ऐनको उद्देश्य लागू औषधको उत्पादन, सञ्चय, ओसार पसार र बिक्री वितरणलाई रोकथाम र नियन्त्रण गरी दण्डित गर्नु नै हो । त्यसैले कसैले लागू औषध नै हो भनी वा त्यसको विश्वासमा परी अन्य कुनै

पदार्थलाई लागू औषध हो भन्ने विश्वासमा परी कारोवार, बेचबिखन, आदि कार्य गर्दछ भने निजको सो कार्य लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७क. बमोजिम दण्डनीय नै हुने देखिन्छ। लागू औषध होइन भन्ने कुरा प्रतिवादीलाई पहिले नै थाहा भएको वा त्यसको प्रयोगबाट कसैलाई हानि नपुगेको वा त्यसबाट प्रतिवादीले कुनै लाभ लिन नपाएको भन्ने कुराबाट सो प्रकृतिको अपराध घटित नै नभएको सरह मानी प्रतिवादीलाई सजायबाट उन्मूक्ति दिने हो भने ऐनमा रहेको उक्त दफा १७क. को कानूनी व्यवस्थाको प्रयोजन र उपादेयता नरहने।

इजलास अधिकृत : नारायणप्रसाद सुवेदी

कम्प्युटर : सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल असोज १९ गते रोज ३ शुभम्।

३

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री गिरीश चन्द्र लाल,** २०६३ सालको फौ.पु.न. ०२०३, ठगी, *नेपाल सरकार वि. माघु चौधरी*

विवादित रा.१ख १२१ नं. को भाडाको ट्रक प्रतिवादीको नाउँमा दर्ता रहेकोमा विवाद नदेखिएको र प्रतिवादीले मिति २०५७।५।११ को घरसारको राजीनामाको लिखतबाट रू.५,००,०००।- मा जाहेरवाला कृष्णप्रसादलाई बिक्री गरेको देखिँदा वादी प्रतिवादीबीच भएको व्यवहार उपरोक्त कानूनी व्यवस्थाबमोजिम ठगीको परिभाषाभित्र पर्न आउने नदेखिने।

जाहेरवाला र प्रतिवादीबीच भएको मिति २०५७।५।११ को लिखितअनुसार साहू आसामी सरह हुने अवस्था देखिएकोले प्रस्तुत विवाद ठगीको परिभाषाभित्र पर्ने नदेखिएको अवस्थामा अभियोग दावी पुग्न नसक्ने।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : सुन्दरबहादुर कार्की

इति संवत् २०६७ असोज ४ गते रोज १ शुभम्।

४

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** मुद्दा नं. ०६४-CI-०५४७, निषेधाज्ञा, *मेराजुद्दिन मिस्त्री वि. कौशलराज नेपाल*

जग्गामा घर निर्माण गर्न नेपालगञ्ज नगरपालिकाका अमिनले नाप जाँच गरी नगरपालिकाबाट नक्सा पास समेत गरिसकेको हुँदा यसरी नक्सा पास गरेउपर निवदकले साधिकार निकायमा समयमै उजूरी गरी नक्सा बदर गराउन सकेको देखिदैन। नक्सा बदरतर्फ उजूर गरेको भनी निवेदिकले दावी गर्न सकेको पनि पाइँदैन। आफ्नो हकको जग्गामा घर निर्माण गर्न साधिकार कार्यालयबाट नक्सा पास समेत गराई सकेको र सोउपर निवेदकले चुनौती दिएको अवस्था समेत नहुँदा रीतपूर्वक नक्सा पास गरी घर निर्माण कार्य प्रारम्भ गरेको क्रियालाई अन्यथा भन्न नमिल्ने।

इजलास अधिकृत : उमेश कोइराला

कम्प्युटर : सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल साउन २७ गते रोज ५ शुभम्।

५

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** मुद्दा नं. ०६४-CI-०४५४, निषेधाज्ञा, *राजमन कुर्मी वि. कौलेस्वरा कुर्मी समेत*

निषेधाज्ञाको निवेदनबाट कसैको हक बेहकको निरूपण गरिने नभै प्रथम दृष्टिमै हकभोग देखिएको र त्यस्तो हकभोगलाई असर पर्ने गरी कसैले हस्तक्षेप गर्ने वा बाधा व्यवधान सिर्जना गर्ने आशंका भएको अवस्थामा त्यस्तो आशंकित कार्यलाई रोकी यथास्थिति कायम गर्नेसम्मको भूमिका निर्वाह हुन्छ। निषेधाज्ञा आफैंमा अन्तरिम प्रकृतिको उपचार प्रदान गर्ने आदेश हो। यसले कुनै पनि विवादको स्थायी समाधान दिँदैन। विवादित विषयलाई यथास्थितिमा राखी त्यस्तो विवादित विषयमा अन्य उपचारको मार्ग अवलम्बन गर्नका लागि निषेधाज्ञा एउटा माध्यम मात्र बन्दछ। यसलाई हक बेहक निरूपण गर्ने वा खोसिएको अधिकार पुनर्स्थापित गर्ने किसिमबाट प्रयोग गर्न सकिने हुँदैन। निवेदक र विपक्षीबीच साँध सीमानामा विवाद रहेको हुँदा त्यस्तो विवादको निरूपणका लागि प्रमाणको मूल्याङ्कन गर्नुपर्ने हुन्छ, जुन निषेधाज्ञाबाट सम्भव हुँदैन। तसर्थ विवादको विषयमा उपयुक्त उपचारको मार्ग अवलम्बन गर्न पाउने निवेदकको

अधिकार रहे भएकै देखिँदा सो विषयमा प्रस्तुत निवेदनबाट बोल्न नमिल्ने ।
इजलास अधिकृत : उमेश कोइराला
कम्प्युटर : सुन्दरबहादुर कार्की
इति संवत् २०६७ साल साउन २७ गते रोज ५ शुभम् ।

६

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** मुद्दा नं. ०६४-CI-०७००, निषेधाज्ञा, *शंखमाया श्रेष्ठ समेत वि. बर्दिया राष्ट्रिय निकुञ्ज ठाकुरद्वारा बर्दिया समेत*

निषेधाज्ञाको माग गर्ने पक्षले प्रथम दृष्टिमा नै आफ्नो हक स्थापित गर्न सक्नुपर्दछ, अन्यथा निषेधाज्ञा जारी हुन सक्दैन । साधिकार निकायबाट निर्णय हुँदा निवेदन दावीको जग्गामा निवेदकको हक स्थापित भएमा सो जग्गामा अन्य कसैको खिचोला गरेको वा अन्य कुनै प्रक्रियाबाट सो जग्गाको उपभोगमा बाधा अवरोध सिर्जना गरेको अवस्थामा निवेदकलाई त्यस्तो खिचोला मेटाउने वा बाधा अवरोध हटाउने पूर्ण अधिकार रहन्छ । तर सो जग्गामा निवेदककै हक स्थापित नहुँदै निवेदकको हक रहेको अनुमान गरी निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने ।

निर्विवाद हक देखिएको अवस्थामा मात्र निषेधाज्ञाको आदेश जारी गर्न सकिने हुन्छ, निषेधाज्ञाको आदेशबाट कसैको हक स्थापित गर्ने क्रिया हुँदैन, यो नै निषेधाज्ञाको मान्य सिद्धान्त हो । तसर्थ निवेदन दावीकै भरमा निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने ।

विवादको जग्गामा निवेदकको निर्विवाद हक स्थापित नभएको, तारबार लगाउने क्रिया समेत सम्पन्न भैसकेको भन्ने तथ्यमा विवाद नरहेको र दावीको जग्गा सामुदायिक वनको रूपमा उपभोक्ता समूहलाई हक हस्तान्तरण समेत भैसकेको भन्ने विपक्षीहरूको लिखित जवाफ रहेबाट निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने ।
इजलास अधिकृत : उमेश कोइराला
कम्प्युटर : सुन्दरबहादुर कार्की
इति संवत् २०६७ साल साउन २७ गते रोज ५ शुभम् ।

७

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** मुद्दा नं. ०६५-CI-०६२९, निषेधाज्ञा मिश्रित परमादेश, *वीरेन्द्रप्रसाद चौधरी वि. बृजलालप्रसाद केवट समेत*

निवेदकलाई अस्थायी रूपमा नियुक्तिपत्र दिई पटक-पटक म्याद थप गरिएको र २०५५ साल जेठ मसान्तपछि निजको म्याद थप नभएको कारणले गर्दा निजको सेवा अवधि स्वतः समाप्त भएको देखिएको हुँदा त्यसरी अस्थायी रूपमा सेवामा बहाल रहेको व्यक्तिले सेवामा अविच्छिन्नताको दावी गर्न मिल्ने नहुँदा निवेदनबमोजिमको आदेश जारी गर्न नमिल्ने ।
इजलास अधिकृत : उमेश कोइराला
कम्प्युटर : सुन्दरबहादुर कार्की
इति संवत् २०६७ साल साउन २७ गते रोज ५ शुभम् ।

८

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** मुद्दा नं. ०६५-CI-०३८८, निषेधाज्ञा मिश्रित परमादेश, *प्रचण्डबहादुर बम वि. साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि. अञ्चल कार्यालय नेपालगञ्ज समेत*

करारीय हकको विषयमा करारको शर्तबमोजिमको प्रक्रिया अवलम्बन गरी उपचार खोज्नु पर्ने हुन्छ । सोहीबमोजिम निवेदकले करारको परिपालना यथावत् गराई पाऊँ भनी मुद्दा दायर गरेको निवेदन औचित्यहीन देखिने ।
इजलास अधिकृत : उमेश कोइराला
कम्प्युटर : सुन्दरबहादुर कार्की
इति संवत् २०६७ साल साउन २७ गते रोज ५ शुभम् ।

९

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** मुद्दा नं. ०६५-CI-०३८४, अदालतको अपहेलना, *प्रेमबहादुर डाँगी वि. उपेन्द्रप्रसाद पटेल समेत*

जुन मुद्दामा भएको अन्तरिम आदेशलाई आधार बनाएर अदालतको अपहेलना भएको भनी प्रस्तुत मुद्दा दायर हुन आएको हो, सो निषेधाज्ञा मुद्दा नै खारेज हुने ठहरी फैसला भैसकेको परिप्रेक्ष्यमा

सोही अन्तरिम आदेशको पालना नभएको भनी परेको प्रस्तुत निवेदनको औचित्य र सान्दर्भिकता नरहेबाट अदालतको अपहेलनामा कारवाही र सजाय गरिपाऊँ भन्ने निवेदन दावी पुग्न नसक्ने ।

इजलास अधिकृत : उमेश कोइराला
कम्प्युटर : सुन्दरबहादुर कार्की
इति संवत् २०६७ साल साउन २७ गते रोज ५ शुभम् ।

१०

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** मुद्दा नं. ०६५-CI-०३७२, निषेधाज्ञा, *प्रेमबहादुर डाँगी वि. जिल्ला वन कार्यालय, रोल्पा समेत*

निषेधाज्ञाको निवेदनबाट अर्को विचाराधीन मुद्दालाई प्रभावित हुने गरी बोल्न मिल्ने पनि हुँदैन । निषेधाज्ञाको मुख्य उद्देश्य भनेको यथास्थितिमा राख्ने भन्ने नै हो । त्यसबाट कसैको हकको सृष्टि र कसैको हकको अन्त्य गर्ने क्रिया हुँदैन । जग्गाको हक बेहकको प्रश्न र कुन जग्गासँग घुसेको वा च्यापिएको छ भन्ने जस्ता नापजाँच एवं प्रमाणको मूल्याङ्कन गरी निरूपण गरिनुपर्ने विषयमा निषेधाज्ञाको निवेदनबाट समाधान खोज्न सकिने हुँदैन । निवेदकउपर दायर भएको वनको सीमाना पिलर मास्यो, भत्कायो र सार्‍यो भन्ने मुद्दा जिल्ला वन कार्यालय, रोल्पाको अधिकारक्षेत्रभित्रको विषय भएकोले सो विषयमा निषेधाज्ञाको निवेदनबाट हस्तक्षेप गर्न नमिल्ने ।

निश्चित कसूरमा आफू विरूद्ध हुन लागेको कानूनी कारवाहीलाई रोक्ने र छल्ने गलत मनसायकासाथ दायर हुन आएको प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत : उमेश कोइराला
कम्प्युटर : सुन्दरबहादुर कार्की
इति संवत् २०६७ साल साउन २७ गते रोज ५ शुभम् ।

११

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** मुद्दा नं. ०६५-CI-०६३६, निषेधाज्ञा, *राजकिशोर गिरी वि. नवलकिशोर गिरी समेत*

निषेधाज्ञाको निवेदन दायर गरी यथास्थिति कायम गर्न चाहने पक्षले दावीको चीज वस्तुमा आफ्नो निर्विवाद हकभोग रहेको तथ्यलाई स्थापित गर्न सक्नु पर्दछ । विवादको विषयमा आफ्नो हक नै देखाउन नसक्ने पक्षका लागि निषेधाज्ञाको निवेदनबाट अदालतले सहयोग गर्न सक्ने अवस्था नरहने ।

इजलास अधिकृत : उमेश कोइराला
कम्प्युटर : सुन्दरबहादुर कार्की
इति संवत् २०६७ साल साउन २७ गते रोज ५ शुभम् ।

१२

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** मुद्दा नं. ०६५-CI-०१७८, परमादेश, *वसिर अहमद खाँ वि. जिल्ला प्रशासन कार्यालय, बाँके समेत*

जुन विषयमा कारवाहीको अपेक्षासहित निवेदकले परमादेशको माग गरेको हो सो विषयमा साधिकार निकायबाट कारवाही जारी नै रहेको भन्ने देखिएको र नक्कल मागका सम्बन्धमा कानूनले तोकेको प्रक्रियाअन्तर्गत निवेदन गरी आवश्यक दस्तूर समेत दाखिल भएका बखत निवेदकले माग गरेको नक्कल समेत उपलब्ध गराउन सम्बन्धित कार्यालय तयार नै रहेको भन्ने समेत देखिएको अवस्थामा मागबमोजिम परमादेशको आदेश जारी गर्नु नपर्ने ।

इजलास अधिकृत : उमेश कोइराला
कम्प्युटर : सुन्दरबहादुर कार्की
इति संवत् २०६७ साल साउन २७ गते रोज ५ शुभम् ।

१३

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** मुद्दा नं. ०६५-CI-०१९०, निषेधाज्ञा, *सुभाषचन्द्र संघई वि. जिल्ला विकास समितिको कार्यालय, इलाम समेत*

कानूनी व्यवस्थालाई कसैले चुनौती दिई बदर गराउन नसकेको अवस्थामा त्यसलाई वैध कानून (Valid Law) का रूपमा मान्यता दिनुपर्ने हुन्छ । जिल्ला विकास समिति, इलामको लिखित जवाफमा जिल्ला परिषद्‌बाट पारित दरबमोजिम कर असूलउपर गरिएको भनी उल्लेख गरिएको र परिषद्‌को सो निर्णयलाई निवेदकले बदर गराउन सकेको अवस्था पनि नरहेको हुँदा जिल्ला विकास समिति इलामले यी निवेदकबाट उठाएको करलाई कानूनविपरीतको संज्ञा दिन मिल्ने पनि नदेखिने ।

यिनै निवेदकले यसै विषयमा यिनै विपक्षीउपर पुनरावेदन अदालत इलाममा दायर गरेको २०५९ सालको रि.नं. ३५ र २०६० सालको रि.नं. १९ का निषेधाज्ञाका निवेदनहरू सो अदालतबाट खारेज भई त्यसउपर निवेदकले पुनरावेदन गरेको अवस्था समेत नरहेबाट ती दुबै फैसलाहरू अन्तिम भएर रहेका छन् । यी निवेदकले दायर गरेको ती दुबै निवेदनहरू दायर हुँदाका बखत कायम रहेको कानूनी व्यवस्थामा कुनै संशोधन समेत नभई यथावत् रहेको अवस्था हुँदा परिस्थितिमा सारभूत परिवर्तन आएको भन्ने पनि देखिएन । त्यसरी उही कानूनी व्यवस्था, उही पक्ष विपक्ष र उही परिस्थिति कायम रहँदासम्म एउटै विषयमा पटक-पटक निवेदन लिई आउने पक्षलाई अदालतले सहयोग गर्न सक्ने अवस्था रहँदैन । एकपटक निरूपण भैसकेको विषयलाई पटक-पटक न्यायिक परीक्षणको विषय बनाउन नमिल्ने ।

इजलास अधिकृत : उमेश कोइराला

कम्प्युटर : सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल साउन २७ गते रोज ५ शुभम् ।

१४

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** २०६३ सालको दे.पु.नं. १०३६, जग्गा खिचोला चलन, घर भत्काई चलन, *सुशीलकुमार दत्त वि. मोहरराय यादव*

सार्वजनिक हक भोग हुने ऐलानी, मठ, मन्दिर, पौवा पोखरी, पर्ति, गौचरन, खोलाका बगर, वन जस्ता सम्पत्तिका हकमा वादी र प्रतिवादीले परस्पर दावी गर्दै वाद प्रतिपाद गरे भन्दैमा सो सम्पत्ति यी दुई मध्ये कुनै पक्षको ठहऱ्याउन वा त्यस्तो परिणाम निस्कने खालको निर्णय अदालतले गर्दैन र गर्नु हुँदैन एवं गरेमा सो सारतः कानूनप्रतिकूल हुने ।

नक्सा मुचुल्काबाट वादी दावीको न.नं. ४ को जग्गा दावी गरेभन्दा बढी नै क्षेत्रफल उल्लेख भएको र विवादमा रहेको सार्वजनिक ठाउँमा रहेको इनार र ऐलानी प्रकृतिको जग्गाको विषयमा वादी प्रतिवादीले जिकीर गरेकै आधारमा निजहरूले देखाएको हकको स्रोत एवं स्रेस्ता प्रमाणबाट नभिडेको स्थितिमा यस्तो सार्वजनिक प्रकृतिको जग्गा कसैको हकको ठहर गर्नु उचित नदेखिने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल जेठ २५ गते रोज ३ शुभम् ।

- यसै लगाउको २०६३ सालको दे.पु.नं. १०३७, जग्गा खिचोला चलन, *सुशीलकुमार दत्त वि. मोहरराय यादव* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

१५

**का.मु.स.प्र.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६३ सालको दे.पु.नं. ०२५८, हक कायम, *जीतन यादव वि. सुवर्धा यादव*

सर्भे नापीमा गाउँ ब्लकमा परेको वादी दावीको क्षेत्रफल ०-०-१५ जग्गामा प्रतिवादीको घरबास रहेको भन्ने प्रतिउत्तर जिकीर लिएको भरमा विवादित जग्गामा प्रतिवादीको घरबास रहेको मनासिब आधार प्रमाण देखाउन नसकेको अवस्थामा प्रतिवादीको हकभोग रहेको भन्न नमिल्ने ।

इजलास अधिकृत : हरि काइराला

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल भदौ १४ गते रोज २ शुभम् ।

१६

**का.मु.स.प्र.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६५-CR-०५५९, जालसाजी, *हिराकाजी कोजू श्रेष्ठ वि. राधेश्याम थापा*

मुद्दाको विवादको समयमा बहाल रहेको मुलुकी ऐन, कीर्ते कागजको १८ नं. ले काम भएको मितिले २ वर्षभित्र नालेस गर्नुपर्ने कानूनी व्यवस्था रहेको पाइन्छ । प्रस्तुत मुद्दामा २०५७।११।१७ मा पारित लिखतलाई लिएर वादीको तर्फबाट ५ वर्षपछि अर्थात् मिति २०६२।९।२२ मा शुरू जिल्ला अदालतमा फिराद दायर गरेको देखिएबाट कानूनले तोकेको २ वर्षको हदम्यादभित्र फिराद परेको अवस्था नदेखिँदा वादी दावी खारेज हुने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल भदौ १४ गते रोज २ शुभम् ।

१७

**का.मु.स.प्र.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६४ सालको दे.पु.नं. ५९७, निर्णय पर्चा बदर खिचोला मेटाई दर्ता चलन, *पूर्णबहादुर शाह वि. नेपाल विद्युत प्राधिकरण, आयोजना तथा विकास विभाग*

नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को दफा ३९ को कानूनी व्यवस्थालाई न्याय प्रशासन सुधार ऐन, २०३१ मा २०४३।७।२४ मा भएको चौथो संशोधनले खारेज भैसकेको अवस्था हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ ले प्रस्तुत विवाद सम्बन्धित जिल्ला अदालतको अधिकारक्षेत्रअन्तर्गत पर्ने हुँदा प्रस्तुत मुद्दाको फिराद पुनरावेदन अदालतमा लाग्ने नदेखिने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल भदौ १४ गते रोज २ शुभम् ।

१८

**का.मु.स.प्र.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री मोहनप्रसाद सिटौला** फौं..पु.न. ०७६३, हाडनाता करणी, *बाबुराम पौडेल समेत वि. दिवाकर उपाध्याय*

स्रेस्तेदारको अधिकार नै नभएको विषयमा स्रेस्तेदारले फिराद दायर गर्न अनुमति प्रदान गरी दायर भएको फिरादपत्रबाट तथ्यभित्र प्रवेश गरी इन्साफ गर्न नमिल्ने अवस्थामा प्रतिवादीहरू बीच भएको विवाह हाडनाता ठहऱ्याई लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद हुने र सजाय समेत हुने गरी भएको शुरू कास्की जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पोखराको मिति २०६३।२।२८ को फैसला मिलेको नदेखिदा उल्टी भै प्रस्तुत फिराद दावी खारेज हुने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल भदौ १४ गते रोज २ शुभम् ।

१९

**का.मु.स.प्र.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. ०७१०, खिचोला मेटाई दर्ता बदर गरी निकास बाटो खुलाई समेत, *नारायणप्रसाद काफ्ले वि. महालक्ष्मी काफ्ले*

नक्सा मुचुल्का हेर्दा न.नं. ७ नयाँ घर र पुरानो घरको बीच छिँडी बाटो रहेको र उक्त बाटो वादी प्रतिवादी दुबैको साझा रहेको भन्ने देखिदा वादीको अंश भागमा परेको कि.नं. २५९२ को ०-२-१-० जग्गा र सोमा बनेको पुरानो घर हुँदै वादीको सोही कित्तामा बनेको नयाँ घर जाने बाटो भोग गर्न नपाउने भन्न कानून र न्यायको रोहमा समेत मिल्ने देखिन आएन । वादी र प्रतिवादी दुबैको साझा बाटो वादीले समेत प्रयोग गर्न पाउने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल भदौ १५ गते रोज ३ शुभम् ।

२०

**का.मु.स.प्र.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री प्रकाश वस्ती,** २०६३ सालको दे.पु.नं. ०३३०, घर हटाई जग्गा खिचोला मेटाई चलन, *पुरनप्रसाद साह हलुवाई वि. सावित्रीदेवी हलुवाई*

वादीको कि.नं. १३०५ को न.नं. ४, १० मा ०-०-५.१/२ जग्गा देखिन्छ भने प्रतिवादीको कि.नं. १३०६ को न.न.९ मा ०-०-२.१/४, न.नं. ८ मा ०-०-३, न.नं. २ मा ०-०-१ मा प्रतिवादीको बसोबास गरेको टिनको छाना, इँटको दिवाल गिलेवा जोडाइको दुई कोठा भएको घर न.नं. ३ मा ०-०-०-१/२ जग्गामा प्रतिवादीको बसोबास गरेको टिनको छाना, इँटको गिलेवा दिवाल भएको प्रतिवादी पुरन साह हलुवाईको बसोबास रहेको विवादित घर जग्गा भनी लेखिएको देखिन्छ। उक्त नक्सा मुचुल्कामा वादी प्रतिवादी रोहबरमा बसी सहीछाप गरी प्रस्तुत नक्साउपर यी प्रतिवादीको कुनै दावी विरोध रहेको मिसिलबाट देखिदैन । उपरोक्त नक्सा मुचुल्काबाट प्रतिवादीले कि.नं. १३०६ को आफ्नो जग्गाको न.नं. २ मा बनाएको घर वादीको कि.नं. १३०५ को विवादित न.नं. ३ को ०-०-०.१/२ जग्गा मिची बनाएको देखिदा प्रतिवादी पुरन साह हलुवाइको कि.नं. १३०६ को न.नं. २ मा रहेको घरले वादी सावित्रीदेवी हलुवाईको कि.नं. १३०५ को न.नं. ३ को ०-०-०.१/२ जग्गामा खिचोला गरेको ठहर्ने ।

इजलास अधिकृत : हरि कोइराला

इति संवत् २०६७ साल भदौ १३ गते रोज १ शुभम् ।

२१

**का.मु.स.प्र.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री प्रकाश वस्ती,** २०६३ सालको फौ.पु.नं. ०४७६, साधारण चोरी, *नेपाल सरकार वि. इन्द्रबहादुर आले मगर*

प्रतिवादी इन्द्रबहादुर आले मगरले अनुसन्धान अधिकारी एवं अदालतमा समेत चोरीको कसूर गरेको कुरामा इन्कार रहेकोमा सहअभियुक्तमध्येका अर्जुन श्रेष्ठ र श्याम श्रेष्ठले प्रतिवादी इन्द्रबहादुर आले मगरको वारदातमा संलग्नता छैन भनी निजको इन्कारी बयानलाई समर्थन गरेको देखिएबाट प्रस्तुत वारदातमा प्रतिवादी इन्द्रबहादुर आले मगरलाई अभियोग दावीबमोजिम चोरीको कसूरमा सजाय गर्न नमिल्ने ।

इजलास अधिकृत : हरि कोइराला
कम्प्युटर : मुकुन्द बिष्ट
इति संवत् २०६७ साल भदौ १३ गते रोज १ शुभम् ।

२२

**का.मु.स.प्र.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री भरतराज उप्रेती,** २०६६ सालको दे.पु.नं. ०६१५, स्रेस्ता पूर्जामा मोही कायम, *ब्रम्हदेव साह तेली वि. रामस्वरूप साह कलवार*

सुभद्रादेवी ढुंगेलको नाउँमा दर्ता रहेको साविक कि.नं. १४६ को १-१२-११ जग्गामध्ये कित्ताकाट भै कायम कि.नं. ५४० को ०-४-० जग्गा ढोडा साहको नामबाट यिनै वादी ब्रम्हदेव साह तेलीको श्रीमती नीतिया तेलीको नाउँमा राजीनामाको लिखतबाट आउँदा मोही नजनिएकोमा सोही साविक कि.न. १४६ को १-१२-११ जग्गा मध्येबाट कायम कि.नं. ५४१ को १-८-११ जग्गामा समेत मोही संशोधन भै प्रतिवादी रामस्वरूप साह जग्गाधनी नै मोही महलमा कायम हुने गरी स्रेस्तामा जनिई रहेको अवस्थामा वादी दावी खारेज हुने ।
इजलास अधिकृत : हरि काइराला
कम्प्युटर : मुकुन्द बिष्ट
इति संवत् २०६७ साल भदौ १८ गते रोज ६ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री कल्याण श्रेष्ठ,** २०६६ सालको-CR-०३६७, भ्रष्टाचार, *सुनिता भण्डारी खड्का वि. नेपाल सरकार*

प्रतिवादी सुनीता भण्डारीले पेश गरेको प्रमाणपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाध्यक्षको कार्यालय पाठ्यक्रम विकास केन्द्रमार्फत् प्रमाणीकरण भै सम्बन्धित गुहाटी विश्वविद्यालयबाट आउँदा उक्त विश्वविद्यालयकोNo.GU/Cer/Misc/07/88 Date 23/5/07 को पत्रमार्फत "With reference to your letter No. 329 Date 28th March, 2007, addressed to the Register, G.U. for verification of Pre-University (P.U.) Examination Certificate, I am directed to inform you that the enclosed photocopies of P.U. Certificate and Marksheet in respect of Sunita Khadka Under Roll No. 22636 of 1982 has been verified with the records of this University and found to be false one" भनी लेखी आएको देखिदा पुनरावेदिकाले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र सक्कली नभई नक्कली भन्ने प्रमाणित हुँदा प्रतिवादीलाई अभियोग मागबमोजिमको कसूर गरेको ठहऱ्याई रू.५००।- जरीवाना हुने ।
इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६७ साल जेठ २५ गते रोज ३ शुभम् ।

२

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री भरतराज उप्रेती,** २०६१ सालको दे.पु.नं. ३३३४, उत्प्रेषण, *राजेन्द्र उपाध्याय वि. तारादेवी उपाध्याय समेत*

अंश मुद्दा दिनुभन्दा अघि धेरै नै विवादित जग्गा बैंकलाई धितो सुरक्षण दिएको र उक्त धितो सुरक्षण दिंदा यी निवेदक समेत तारादेवीसँग सँगोलमै रहेको भन्ने कुरा उल्लिखित तथ्यबाट देखिन्छ । यस्तो अवस्थामा बैंकले आफूले लिएको धितो अर्थात्

सगोलको सम्पत्तिबाट दिएको धितो सुरक्षणबाट आफ्नो ऋण असूल गर्न सक्ने नै हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : उपेन्द्र गौतम
कम्प्युटर : बिपनादेवी मल्ल
इति संवत् २०६६ साल चैत ३ गते रोज ३ शुभम् ।

३

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. ३८३४, उत्प्रेषणयुक्त परमादेश, *प्रमोदबिक्रम शाह वि. पुनरावेदन अदालत, हेटौंडा समेत*

रिट निवेदक प्रमोद विक्रम शाहले तह तह अदालतमा उपचारको मार्ग अवलम्बन गरिसकेको र विवादित जग्गामा निवेदकको निर्विवाद हक अधिकार स्थापित नभएको तथा अदालतमा विचाराधीन मुद्दामा विवादको जग्गा रोक्का भएको अवस्थामा उक्त मुद्दामा असर पर्ने गरी निवेदक प्रमोद विक्रम शाहको निवेदन मागबमोजिम आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : मुकुन्द बिष्ट
इति संवत् २०६६ साल चैत ३ गते रोज ३ शुभम् ।

- यसमा यसै लगाउको २०६२ सालको रिट नं.३८३५, उत्प्रेषणयुक्त परमादेश, *प्रमोदबिक्रम शाह वि. मालपोत कार्यालय पर्सा, समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ३

१

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६५ सालको दे.पु.नं. ०१८६, निर्णय दर्ता बदर, *भाजुरत्न शाक्य वि. प्रेमलाल श्रेष्ठ*

साविकमा फिल्डबुक तयार गर्दा र मालपोत कार्यालयबाट दर्ता स्रेस्ता तयार हुँदाका अवस्थामा समेत श्री ५ को सरकारको गुठी भन्ने जनिएको र त्यस्तो श्री ५ को सरकारको नाउँ जनिई फिल्डबुक तथा दर्ता स्रेस्ता तयार भएका जग्गा राजगुठीकै हुने भन्ने गुठी लगत तथा तहसील कार्यालयबाट निर्णय भएको र सो निर्णय अन्यथा नभएको एवं अघि चलेको जग्गा खिचोला मुद्दाको फैसलामा समेत विवादित जग्गामा प्रतिवादीको हकको भनी नबोलेको अवस्थामा त्यस्तो जग्गामा प्रतिवादीको नाममा निजी गुठीमा दर्ता गर्ने गरेको मालपोत कार्यालय काठमाडौको निर्णय कानूनसंगत नदेखिने ।

इजलास अधिकृत : कमलराज बिष्ट
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६७ साल कात्तिक ७ गते रोज १ शुभम् ।

२

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको दे.पु.नं. ४७१, हिसाबकिताब गराई दायित्व यकीन गराई पाऊँ, *नेपाल बैंक लिमिटेड प्रधान कार्यालय समेत वि. बैकुण्ठनारायण प्रधान*

ऋणीसँग कर्जा असूल हुन बाँकी रहेको अवस्थामा धितोमा लेखाई दिएको जग्गा फुकुवा गरिदिनु भनी बैंकले मालपोत कार्यालयमा लेखी दिने अवस्था पनि आउँदैन । यसरी ऋणी र बैंकबीच तिर्न बाँकी ऋण रकमको आपसमा हर हिसाब गरी कर्जा चुक्ता भएपश्चात् बैंकले कर्जा लगानी गर्दा कागज गरी धितो लिएको जग्गा फुकुवा गर्न मालपोत कार्यालयलाई पत्र लेखेको अवस्था देखिएको परिप्रेक्ष्यमा वादी दावीको औचित्य नरहेको कारण फिराद खारेज हुने ।

इजलास अधिकृत : कमलराज बिष्ट
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६७ साल साउन १७ गते रोज २ शुभम् ।

३

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** पुनरावेदन नं. ०६५-CR-०३५५, ०६५-RC-०४३, कर्तव्य ज्यान, *तेन्जेन तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. तेन्जेन तामाङ*

प्रतिवादीउपर आफ्नै दाजुलाई काटी मारेको अभियोगमा लागेको घटना प्रतिवादीले घटाएको देखेको भन्ने प्रत्यक्षदर्शीको भनाई रहेको

र मौकामा घटना वारदातलाई सिलसिलेवार ढंगले प्रतिवादीले स्वीकार गरेको र सो भनाईलाई बुझिएका प्रमाणबाट समर्थित भएको अवस्थामा अदालतमा कसूरमा इन्कार रही निर्दोषिताको जिकीर लिदैमा अपुष्ट जिकीर लिनु नै कसूरबाट रिहाइको आधार बन्न सक्ने देखिदैन । निर्दोष देखिने वस्तुनिष्ठ प्रमाण सो जिकीर लिनेले पेश गर्नुपर्ने हुन्छ । प्रतिवादीले अदालतमा गरेको इन्कारी बयान पुष्टि हुने प्रमाण पेश गरेको नदेखिएको र मौकामा अनुसन्धान अधिकारीसमक्ष भएको निजको बयान मिसिलबाट अन्यथा भन्ने पुष्टि वा खण्डित हुन नआएको अवस्थामा निज कसूरदार होइनन् भन्न नमिल्ने हुँदा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. अनुरूपको कसूर अपराधमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६७ साल असार २३ गते रोज ४ शुभम् ।

४

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०५७ सालको दे.पु.नं. ७३०८, दे.पु.नं. ०६३-CI-११८४, अंश दर्ता, *देवकीदेवी वैश्यनी वि. सुमित्रादेवी वैश्यनी समेत, राधाकृष्णदेव समेत वि. सुमित्रादेवी वैश्यनी समेत*

मुलुकी ऐनमा २०३४।९।२७ मा भएको सातौं संशोधनपश्चात् निजी आर्जनको साम्पत्तिक अवधारणाले नेपाल कानूनमा प्रवेश पाएको हुँदा सो संशोधन अगाडि जे जस्तो व्यहोराले सगोलको अंशियारले सगोलमा रहेको अवस्थामा आर्जन गरेको सम्पत्ति भए पनि त्यस्तो सम्पत्तिलाई सगोलकै सम्पत्ति मानिने हुँदा निज प्रतिवादी समेतका अंशियारले सगोलमा रहँदा जुनसुकै व्यहोराले आर्जन गरेको सम्पत्ति भए पनि त्यस्तो सम्पत्तिमा सगोलका अंशियारहरू बीच अंशबण्डा लाग्ने नै देखिने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६७ साल जेठ २४ गते रोज २ शुभम् ।

५

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री गिरीश चन्द्र लाल,** २०६० सालको दे.पु.नं. ९१८६, ९१८७, ९१८८, ०७७४, *अंश दर्ता रामप्रसाद यादव वि. रामनारायण यादव समेत, बौबालाल सिडहरी यादव वि. रामप्रसाद यादव, अगरीदेवी यादवनी समेत वि. रामप्रसाद यादव, मोहितनारायण यादव वि. रामप्रसाद यादव*

बण्डा नलाग्ने सम्पत्तिको श्रेणीभित्र दान वा बकसबाट पाएको, अपुतालीबाट प्राप्त गरेको, निजी ज्ञान वा सीपबाट आर्जन गरेको र मानो छुट्टिएपछि प्राप्त गरेको सम्पत्ति पर्दछ । मानो नछुट्टिई सँगै बसेका अंशियार छन् भने जुनसुकै अंशियारले सगोलको सम्पत्तिबाट वा सगोलको खेती, उद्योग व्यवसायबाट बढे बढाएको सगोलको आर्जन र लेनदेन व्यवहारको ८ नं. बमोजिम लगाएको ऋण सबै अंशियारलाई भाग लाग्ने हो । यसको अलावा मानो छुट्टिसकेपछि आर्जन गरेको त्यस्तो सम्पत्तिमा मानो छुट्टिएका अंशियारहरूमा भाग लाग्छ भन्नु अंशबण्डाको १८ नं. को प्रतिकूल मान्नु पर्ने ।

इजलास अधिकृत : कमलराज बिष्ट

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६७ साल जेठ १० गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६६ सालको दे.पु.नं. २३६ अंश दपोट *रामनारायण यादव वि. दयावती खडहरिन यादव समेत*
- २०६६ सालको दे.पु.नं. ३२६, २३५, अंश दर्ता, *बौवालाल खिडहैर यादव वि. डम्बर खिडहैर यादव समेत, अगरीदेवी यादवनी समेत वि. बौवालाल खिडहैर यादव*

६

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री प्रकाश वस्ती,** ०६६-WO-७६२, उत्प्रेषणयुक्त परमादेश, *रमा कोइराला समेत वि. राष्ट्रिय खेलकुद परिषद् समेत*

निवेदिका समेतले २०६३।१०।१० मा सूचनाको नक्कल पाउन दिएको निवेदनमा २०६३।९।२१ को सूचना भनी माग भएबाट यो बढुवा

सूचना २०६३।९।२१ को रहेको कुरामा शंका गरिरहन परेन । निर्देशिकामा रहेको व्यवस्थाअनुसार मिति २०६३।९।२१ मा बढुवाको लागि सिफारिश भएका व्यक्तिहरूलाई बढुवाको सिफारिश गर्ने सूचना प्रकाशन भएपश्चात् ३५ दिनभित्र उजूर गर्न जानु पर्नेमा सो म्याद नघाई उजूर गरेको देखिदा रिट निवेदकहरूले कानूनबमोजिमको वैकल्पिक मार्ग अवलम्बन गर्नु पर्नेमा गर्न सकेको देखिन आएन । तसर्थ वैकल्पिक मार्ग विद्यमान छँदाछँदै सो मार्गको अनुशरण नगरी रिट क्षेत्रमा प्रवेश गरेकोले प्रस्तुत रिट खारेज हुने ।

इजलास अधिकृत : खड्गराज अधिकारी

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६७ भदौ ६ गते रोज १ शुभम् ।

७

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री प्रकाश वस्ती,** २०६३ सालको दे.पु.नं. ६७०, निषेधाज्ञा, *कृष्णचन्द्र झा वि. राष्ट्रिय वाणिज्य बैंक मुख्य कार्यालय समेत*

अंश दपोट ठहर्ने नठहर्ने कुरा कानूनबमोजिम सोही मुद्दाबाटै निर्णय निरोपण हुने विषय भएको र सो मुद्दाबाट निराकरण हुने नै हुँदा पुनरावेदन जिकीरबमोजिम निषेधाज्ञाको आदेश जारी गर्न मिल्ने भएन, निवेदन खारेज हुने ।

इजलास अधिकृत : ज्ञानेन्द्र इटेनी

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६६ साल मंसिर ५ गते रोज ६ शुभम् ।

## इजलास नं ४

१

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** २०६५-CR-०१७८, २०६६-CR-०१८९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामसिंह महरा, रामसिंह महरा वि. नेपाल सरकार*

मृतकलाई प्रतिवादीले सम्झाउन बुझाउन खोज्दा मृतकले नै प्रतिवादीलाई गाली गरेकोले प्रतिवादी आवेशमा आई चुलो नजिक रहेको रोटी बेल्ने बेलना र पिर्कोले मृतकलाई प्रहार गरेको तथ्य खुलाई प्रतिवादीले अदालत समेतमा बयान गरेबाट मृतककै कारणबाट प्रतिवादी आवेशमा आई मृतकउपर प्रहार गरेको देखिन्छ । प्रतिवादीले व्यक्त गरेको वारदातको प्रकृतिभन्दा भिन्न प्रकृतिको वारदात थियो भनी वादी पक्षबाट दावी गरिएको पनि छैन भने वादी पक्षबाट प्रस्तुत गरिएका साक्षीहरूले पनि अन्यथा भन्न नसकेको हुँदा प्रस्तुत वारदातलाई मात्र कुटपीट गर्ने मनसायले भएको भन्न सकिने अवस्था पनि नहुँदा पति पत्नीको सम्बन्ध रहेको प्रतिवादी र मृतकबीच वादविवाद भै तत्काल उठेको रिसले प्रतिवादीले पिर्का र बेलनाले मृतकमाथि मर्नेसम्मको चोट लाग्ने गरी टाउकोमाथि प्रहार गरेको कारणले मृत्यु भएको कुरा प्रमाणहरूबाट पुष्टि भएको हुँदा प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद हुने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६७ साल असार ३० गते रोज ४ शुभम् ।

## इजलास नं ५

१

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** ०६४-CR-०३५२, जिरा चोरी पैठारी, *तिलकमान सिंह भण्डारी वि. भोलाप्रसाद कलवार*

प्रतिवादी भोलाप्रसाद कलवारले बरामद सामानमध्ये ४३ बोरा जिरा मात्र आफ्नो हो भनी मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गरेको र बरामदी मुचुल्कामा उल्लिखित सबै सामान प्रतिवादी भोलाप्रसाद कलवारकै हुन् भन्ने ठोस सबूद प्रमाण वादी पक्षले पेश गर्न सकेको पनि नभई बरामदी मुचुल्कामा साक्षी बस्ने सबैले सेनाले हामीलाई सही मात्र गराएका हुन् बरामद भएको हामीले देखेनौं भनी साक्षीसरह उपस्थित भई राजस्व न्यायाधीकरणमा बयान गरी दिएको अवस्थामा राजस्व न्यायाधीकरण काठमाडौंले मूल्य रू.२,०६,४००।-

बराबरको ४३ बोरा जीरा मात्र चोरी पैठारी गरेको ठहर्‍याई प्रतिवादी भोलाप्रसाद कलवारलाई भन्सार ऐन, २०१९ को दफा ३४(८)(क) बमोजिम बिगोअनुसार रू.२,०६,४००।- जरीवाना हुने ।
इजलास अधिकृत : पुष्प थपलिया
इति संवत् २०६७ साल मंसिर ७ गते रोज ३ शुभम् ।

२

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री प्रकाश वस्ती,** २०६६ सालको रिट नं ०८८०, उत्प्रेषणयुक्त परमादेश, *सोमप्रसाद शर्मा वि. अर्थ मन्त्रालय समेत*

निजामती सेवा ऐन, २०४९ को दफा ३३ (३) बमोजिम जुन उमेरबाट पहिले अवकाश पाउने हुन्छ, सोही मितिबाट गणना गरिने भन्ने प्रावधानबमोजिम सिटरोलमा लेखिएको २००९।१।२ बाट नै गणना गरी २०६७।१।१२ मा ५८ वर्ष पुग्ने र अवकाश पाउने मिति निर्धारण भएकोलाई कानूनअनुकूल भएको मान्नुपर्ने ।
इजलास अधिकृत : नारायणप्रसाद पराजुली
कम्प्युटर : प्रेमबहादुर थापा
इति संवत् २०६७ साल मंसिर २१ गते रोज ३ शुभम् ।

३

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री भरतराज उप्रेती,** ०६४-CI-०७८५, मोही नामसारी, देवश्वरी *त्वायना वि. हरिगोपाल पोतामाहा समेत*

एउटै निवेदनबाट उठान भएका विषयहरू मध्ये केहीलाई बाँकी राखी पछि छिन्ने उद्देश्यले र केहीका सम्बन्धमा आंशिक किसिमले निर्णय गर्नु मुलुकी ऐन अ.बं. १९२ नं. ले त्रुटिपूर्ण हुने हुन्छ । गुठी संस्थानसमक्ष वादीले कि.नं. ८७ र कि.नं. २४१ को जग्गाहरूको मोही नामसारी गरिपाऊँ भनी दावी गरेकोमा दावीको कि.नं. ८७ को सम्बन्धमा मात्र निर्णय गरी दावीको कि.नं. २४१ को विषयमा बाँकी राखी पछि निर्णय गर्ने गरी गुठी संस्थानका प्रशासकबाट भएको निर्णय स्पष्टतया उक्त अ.बं. १९२ नं. को त्रुटिपूर्ण हुँदा सो निर्णय बदर गरी दावीका दुबै कित्ताका सम्बन्धमा यकीन निर्णय गर्नु भनी मिसिल गुठी संस्थान केन्दीय कार्यालयमा पठाउने निर्णय गरेको फैसला परिवर्तन गरिरहनु नपर्ने ।
इजलास अधिकृत : पुष्पराज थपलिया
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०६७ साल भदौ ४ गते रोज ६ शुभम् ।

- यसै लगाउको ०६५-WO-०१८४, उत्प्रेषणयुक्त परमादेश, सेमन्तराज चापागाई वि. पुनरावेदन अदालत पाटन समेत भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ६

१

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६१ सालको रिट नं. ३३५१, भ्रष्टाचार, *नेपाल सरकार वि. राजेन्द्र डाँगी समेत*

बैंकबाट ऋण लगानी गर्दा सो ऋण साँवा ब्याजसहित उठ्न सक्छ वा सक्दैन भन्ने सन्दर्भमा ऋणीको हैसियत, ख्याति हेरिन उपयुक्त हुने भए पनि शत प्रतिशत मार्जिनमा खोलिने प्रतीतपत्रमा सो खोल्ने कम्पनी वा फर्मको हैसियत वा क्षमता हेरिनु आवश्यक नदेखिने ।

एक पटक खोलिसकिएको प्रतीतपत्रलाई आवश्यकताअनुसार मनासिब माफिकको कारण एवं आधारमा संशोधन गर्न एवं रकम थपघट गर्न सकिने ।

प्रतीतपत्रबमोजिमको कार्य नगरी विदेशी विनिमयको अपचलन गरेको अवस्थामा सो कसूरलाई सम्बोधन गरी त्यस्तो कार्य गर्ने अभियुक्तहरूलाई कानूनबमोजिम सजायको समेत व्यवस्था गरेको अवस्थामा प्रतीतपत्रको शर्तबमोजिम काम नगरी विदेशी मुद्राको अपचलन गर्ने कार्यलाई विदेशी विनिमय (नियमित गर्ने) ऐन अन्तर्गतकै कसूर मान्नुपर्ने ।
इजलास अधिकृत : बिमल पौडेल
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल भदौ २७ गते रोज १ शुभम् ।

२

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६४-WO-०२५५, उत्प्रेषण, *मुकुन्दप्रसाद चौलागाई वि. सञ्चालक समिति, नेशनल ट्रेडिङ्ग लिमिटेड समेत*

कर्मचारीको उमेरसम्बन्धी विवाद उठेमा कुन लिखतमा उल्लेख भएको जन्ममितिलाई आधिकारिक मान्ने भनी विनियमावलीमा स्पष्ट उल्लेख नभएको अवस्थामा निवेदकले आफ्नो चारित्रिक प्रमाणपत्र पूर्व शैक्षिक योग्यताका प्रमाणपत्रमा उल्लेख भएको आफ्नो जन्ममिति कायम गरिपाऊँ भनी निवेदन दिएको कुरालाई अन्यथा मान्नुपर्ने देखिदैन । आफ्नो जन्म मितिको बारेमा स्वयं कर्मचारीले प्रमाणसहित दाखिल गरेर सच्याई पाउन अनुरोध गर्दछ भने निजको उमेरसम्बन्धी कुरामा निजको प्रमाण झूट्ठा हो भन्ने पुष्टि गर्न नसकेसम्म सो प्रमाणलाई ग्रहण गर्नु पर्ने ।

कर्मचारीको उमेर वा जन्म मिति वा संस्थानको अभिलेखमा चढाउने बेलामा गलत विवरण उल्लेख भएको र सो गलत विवरणलाई मौकैमा सच्याई पाऊँ भनी निवेदन गर्न पाउने ।

इजलास अधिकृत : बिमल पौडेल
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल भदौ ४ गते रोज ६ शुभम् ।

३

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गिरीश चन्द्र लाल,** २०६५ सालको CR-०११३, जालसाजी, *कौशल किशोर पाण्डे वि. सुरेन्द्र पाण्डे समेत*

कानूनले अख्तियार प्राप्त गरेका जिम्मेवार व्यक्तिले लिएको ऋण रकमलाई बिना ठोस प्रमाण जालसाजी घोषित गर्दै जाने हो भने नेपालमा प्रचलित संयुक्त परिवारसम्बन्धी अवधारणाको निरन्तरतामा नै असर नपर्ला भन्न सकिदैन । जालसाजीपूर्ण कार्य भएको भनी जिकीर लिने वादीको भनाई ठोस प्रमाणका आधारमा पुष्टि नभएसम्म त्यस्तो व्यवहारलाई जालसाजी मान्न नमिल्ने ।

इजलास अधिकृत : बिमल पौडेल
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल भदौ १ गते रोज ३ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६६ सालको रिट नं. WO-०००७, उत्प्रेषण मिश्रित परमादेश, *विनोद अधिकारी वि. जिल्ला प्रशासन कार्यालय, तनहूँ समेत*

पति-पत्नीबीच कानूनी कारवाही अधिकार प्राप्त अदालतमा चलिरहेको अवस्थामा दुबै पक्ष वा कुनै एक पक्षको निवेदन परेमा पनि शान्ति, सुव्यवस्था कायम गर्ने, राख्ने कुराहरूसम्म जिल्ला प्रशासन कार्यालयले हेर्न सक्ने हो । अदालतमा विचाराधीन मुद्दामा असर पर्ने गरी कुनै पनि व्यक्तिलाई जबर्जस्ती झिकाउने वा कागज गराउन पाउने गरी कुनै पनि प्रचलित कानूनले जिल्ला प्रशासन कार्यालयलाई अधिकार दिएको छैन । अनधिकृत ढंगले र आफ्नो क्षेत्राधिकार नाघी गराएको कागजले कानूनी मान्यता प्राप्त गर्न नसक्ने हुँदा अधिकारक्षेत्रात्मक त्रुटि गरी गरे गराएको कागज उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : भोलानाथ ढकाल
कम्प्युटर : धनबहादुर गुरूङ्ग
इति संवत् २०६६ साल चैत २७ गते रोज ६ शुभम् ।

२

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६३ सालको फौ.पु.नं. ०५९८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. देविन्द्र मंग्राती*

केवल सह-प्रतिवादीको पोल बाहेक यी प्रतिवादी देविन्द्र मंग्रातीले नवजात शिशुलाई मार्नमा सहयोग गरेको भन्ने मिसिल संलग्न स्वतन्त्र प्रमाणबाट पुष्टि हुन सकेको छैन । सह-प्रतिवादीको पोललाई मात्र आधार मानी फौजदारी मुद्दामा अन्य ठोस प्रमाणको अभावमा सजाय गर्न न्यायसंगत नहुने ।

इजलास अधिकृत : चुरामन खड्का
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६७ साल असोज १९ गते रोज ३ शुभम् ।

३

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६३ सालको फौ.पु.नं. २००, कर्तव्य ज्यान, *नेपाल सरकार वि.कृष्णबहादुर लुंगेली*

हँसिया फालिदिएको विषयमा दुई जनाको बीचमा वादविवाद हुँदा तत्काल उठेको रिसबाट सोही ठाउँमा रहेको ढुंगा उठाई टाउकोमा हिर्काएको कारणबाट मृतकको मृत्यु भएको अवस्था हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. आकर्षित हुने अवस्था विद्यमान नदेखिने ।

प्रस्तुत वारदात तत्काल आवेशमा आई उठेको रिस थाम्न नसकी भएको हुँदा यी विपक्षी मेखबहादुर भन्ने कृष्णबहादुर लुंगेलीलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम (१०) वर्ष कैद हुने ।

इजलास अधिकृत : चुरामन खड्का
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६७ साल असोज १९ गते रोज ३ शुभम् ।

४

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री सुशीला कार्की,** २०६६ सालको दे.पु.नं. ९०४, मोही हक नामसारी, *गगनराज भट्ट वि. सीयाराम चौधरी*

वादीको मृत्यु भैसकेपश्चात् निज मृतकको हक खाने म निवेदक भएको भनी मृतक राजमतीका छोरा सीयाराम चौधरीले अ.बं. ६२(२) नं. बमोजिम मुद्दा सकार गरेको पाइयो । निज सीयाराम चौधरीले नै दावीका जग्गाहरू मोही पिता कैलाश डगौरा जीवित हुँदाकै पालादेखि जोत भोग नगरेको हुँदा, निज समेतले मोही नामसारी गरिपाऊँ भनी दिएको निवेदनमा दावी छाडी मिति २०५३।३।२१ मा मुद्दा डिसमिस भएको अवस्था रहेको छ । यसरी सीयारामले अघि नै दावीका जग्गाहरू आफूले मोहीमा जोत भोग नगरेको भनी निवेदन गरी सनाखत समेत गरेको अवस्थामा निजकी आमा राजमती डगौराको मोहीमा दावी गरेको र निज राजमतीको मृत्यु भैसकेको अवस्थामा मुद्दा सकार गरी मोहीको हैसियत पाउने अवस्था समेत प्रस्तुत मुद्दामा नरहेको हुँदा दावीबमोजिम मोही नामसारी हुन नसक्ने ।

इजलास अधिकृत : फणिन्द्र पराजुली
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६७ साल भदौ १२ गते रोज ६ शुभम् ।

५

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री सुशीला कार्की,** २०६३ सालको फौ.पु.नं. २०७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. जोखन केवट समेत*

दुई व्यक्तिबीच भएको झगडाले उग्ररूप लिई पक्ष विपक्षबीचको झगडामा परिणत भएर प्रस्तुत वारदात घटित भएको देखिन्छ । यी प्रतिवादीहरूले मृतक रामजीत केवटको घरमा गएर वा निजलाई मार्ने उद्देश्यले निजको घरबाट बोलाई अन्यत्र लगी मारेको वा षड्यन्त्रपूर्वक मार्न लगाएको समेत देखिँदैन । दुईजना बीचको झगडा र विवादमा सहभागी हुन पुगी प्रस्तुत घटना भएको देखिन आएको छ । यस्तो अवस्थामा प्रतिवादीहरूलाई ऐनबमोजिमको सजाय गर्दा कसूरको अनुपातमा हुने सजायको समानुपातिकता (Proportionality of Punishment) को सिद्धान्तमा मेल नखाने भई चर्को पर्ने देखिँदा मुलुकी ऐन, अ.ब. १८८ नं. बमोजिम प्रतिवादीमध्येका जोखन केवटलाई १५ वर्ष कैद र अन्य प्रतिवादीहरू सन्तराम केवट, रामचन्द्र यादव, सत्यनारायण यादव, महेन्द्र यादव, मनोज यादव र जुलाब केवटलाई जनही १०(दश) वर्ष कैद हुने ।

इजलास अधिकृत : फणिन्द्र पराजुली
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६७ साल भदौ १ गते रोज ३ शुभम् ।

६

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री सुशीला कार्की,** २०६५ सालको दे.पु.नं. ८४६२, २०६३ सालको दे.पु.नं. CI-०१८९, लेनदेन, *जवाहरप्रसाद चौहान वि. शिबनाथ महतो चाई, शिबनाथ महतो चाई वि. जवाहरप्रसाद चौहान*

प्रतिवादीले आधा रकम लिई दोब्बरको तमसुक गरिदिएको हो भने पनि उक्त कुरा प्रामाणिक नभएकोले मान्न मिल्दैन । जहाँसम्म प्रतिवादीले

वादीलाई साँवा ब्याज बुझाई सकेको भन्ने जिकीर लिए पनि तमसुक फट्टा गरेको पाइदैन भने प्रतिवादीबाट वादीलाई रूपैयाँ बुझाएको टिपोट पेश भएको सम्बन्धमा हेर्दा उक्त टिपोटमा रू. १,२२,४४३।- बुझाएको देखिन्छ । सो रूपैयाँ वादीले मैले लिएको होइन अथवा पाएको छैन भन्न नसकेको र आफैंले टिपोट लेखी प्रतिवादीलाई दिएको भन्ने प्रतिवादीको जिकीरलाई अन्यथा हो भनी वादीले ठोस प्रमाण पेश गर्न सकेको पाइँदैन । दुई पक्षबीचको व्यापारिक कारोबारमा रकम लिए, दिएको कुरासँग सम्बन्धित बील, भरपाई खाता, बही वा त्यस्ता टिपोट समेतलाई मान्यता प्रदान गर्नु पर्ने हुन्छ । प्रतिवादीबाट पेश भएको टिपोट कीर्ते, जालसाजी हो भनी यी वादीले जिकीर लिन नसकेको अवस्थामा सो टिपोटलाई पनि मान्यता दिनु पर्ने ।

इजलास अधिकृत : भोलानाथ ढकाल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल असार ३ गते रोज ५ शुभम् ।

७

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री सुशीला कार्की,** २०६५ सालको फौ.पु.न. ३३६३, कुटपीट, *कर्ण राई वि. रामकाजी राई समेत*

बाबु छोरा जस्तो रगत सम्बन्ध भएका यी वादी प्रतिवादीबीच वादीले भने जस्तो गरी आफ्नो जन्मदाता बाबुलाई योजनाबद्ध ढंगले र बिनाकारण कुटपीट गर्नुपर्ने कुनै कारण रहेको देखिदैन । बाबु छोराबीच घरायसी मामिलामा वादविवाद भएको भन्ने कुरालाई वादीले पनि स्वीकार गरेको देखिन्छ । तर कुटपीट भएको भन्ने कुरा साक्षी प्रमाणबाट प्रमाणित हुनु पर्नेमा सो पुष्टि हुन नसकेकाले वादी दावी नपुग्ने तथा वादीलाई झूठा उजूर गरेबापत जरीवाना गरिरहनु नपर्ने ।

इजलास अधिकृत : भोलानाथ ढकाल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल असार ३ गते रोज ५ शुभम् ।

८

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री सुशीला कार्की,** २०६२ सालको फौ.पु.न. ३१२, सवारी ज्यान, अंगभंग, *नेपाल सरकार वि. विष्णुकुमार श्रेष्ठ*

घटनाका घाइते मणिराजले अधिकार प्राप्त अधिकारीसमक्ष कागज गर्दा बाटो क्रस गर्न लाग्दा ठक्कर लागी घाइते भएको हो, चालकको लापरवाहीबाट दुर्घटना भएको होइन भनी उल्लेख गरेको देखिनुका साथै घाइतेको बुबा पदमबहादुर तथा वस्तुस्थिति मुचुल्काका देवेन्द्र कोइराला समेतले यी प्रतिवादीको लापरवाहीबाट दुर्घटना भएको होइन भनी लेखाई दिएको पाइन्छ । यी घाइतेका बुबाको कागजहरूबाट प्रतिवादीको अधिकार प्राप्त अधिकारीसमक्ष तथा अदालतमा भएको बयानबाट समेत बद्नियतपूर्वक घटना घटाएको होइन भन्ने कुरालाई नै पुष्टि गरेको देखिने हुँदा वादी नेपाल सरकारको पुनरावेदन पुग्न नसक्ने ।

इजलास अधिकृत : भोलानाथ ढकाल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल असार ३ गते रोज ५ शुभम् ।

९

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री सुशीला कार्की,** २०६५ सालको CR-०६७४, सम्बन्ध बिच्छेद, *कृष्ण शेरचन वि. पदमकुमारी शेरचन*

प्रतिवादीले अंश मुद्दा दायर गरी अंश पाउने फैसला प्राप्त गरेपश्चात् आफूले पाउने भाग आफ्ना नाममा दर्ता समेत गरिसकेको अवस्थामा आर्थिक रूपमा अब पतिसँग पूर्णतः भिन्न भएको र उनीसँग सरोकार नभएको र विगत २२ वर्षदेखि आफूखुशी माइतीमा बसेको अवस्थामा पारिवारिक पहिचानको लागि वैवाहिक सम्बन्धको निरन्तरता कायम गर्ने भनी प्रतिवादीले जिकीर गरेको उचित देखिन आएन । वस्तुतः वादी र प्रतिवादीबीचको आपसी समझदारी र सुमधुर सम्बन्ध कायम भए मात्र सो सम्बन्ध निरन्तर कायम हुन सक्ने हो । तर वादी प्रतिवादीबीच एकपछि अर्को गर्दै विगत २२ वर्षसम्म चलेको निरन्तर विवाद झैझगडाले दुबै पक्षबीच शान्तिपूर्ण जीवन व्यतित गर्ने भावना र अवस्था नभई झैझगडा र विवादै विवाद निरन्तर रहिरहेको हुँदा त्यस्तो सम्बन्ध कायम राखी रहनुको कुनै औचित्य नहुँदा वादी प्रतिवादी बीचको वैवाहिक सम्बन्ध बिच्छेद हुने ।

इजलास अधिकृत : भोलानाथ ढकाल

इति संवत् २०६७ साल असार ३ गते रोज ५ शुभम् ।

१०

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री प्रकाश वस्ती,** २०६३ सालको फौ.पु.नं. ००५४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुर्जीदेवी मण्डल खत्वे समेत*

ज्यान मार्ने मनसायकासाथ वारदात घटेको अवस्थाको अभावमा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम अभियोग लगाएर मात्र पुग्दैन, पुष्टि गर्नको लागि त्यति नै गहिरो अनुसन्धान गरी अभियोग अभियोग पुष्टि गर्न प्रमाणहरू संकलित हुनु पर्दछ। साथै यी प्रतिवादीले वारदातका समयमा सांघातिक हतियार समेत प्रयोग गरी कुटपीट गरेको भन्ने पनि प्रमाणित हुन सकेको छैन। यी प्रतिवादीले छोडेको चोटको कारणबाट नै मृतकको मृत्यु भएको भन्ने कुरा मिसिलबाट स्थापित हुन सकेको छैन। मृतक नै चप्पलको विषयमा यी प्रतिवादीको घरमा कुराकानी गर्न जाँदा वादविवाद भई कुटपीट हुँदा मृतकको मृत्यु भएको देखिदा प्रस्तुत विवादको प्रकृतिअनुसार ज्यानसम्बन्धी महलको १३(३) नं. को अपराध नभै १४ नं. बमोजिमको आवेश प्रेरित (Homocide by Provocation) हत्या नै देखिन आउने।

इजलास अधिकृत : चुरामन खड्का

कम्प्युटर : रानु पौडेल

इति संवित् २०६७ साल भदौ २० गते रोज १ शुभम्।

११

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री भरतराज उप्रेती,** २०६६ सालको WO-०९०१, उत्प्रेषण परमादेश, *चेवनप्रसाद गुरागाई वि. भरतप्रसाद पुडासैनी समेत*

कार्यक्षमताको मूल्याङ्कनको आधारमा बढुवा गर्दा समान अङ्क प्राप्त गरेका यी रिट निवेदक र विपाक्षी भरतप्रसाद पुडासैनीमध्ये निजामती सेवा नियमावली २०५० को नियम ७७ खण्ड (ख)बमोजिम दुबैले एक तहमुनिको पदमा गरेको सेवाको आधारमा जेष्ठताको निर्धारण गरी सोही आधारमा निवेदक चेवनप्रसाद गुरागाइको नाम बढुवा सूचीबाट हटाई भरतप्रसाद पुडासैनीको नाम बढुवा सूचीमा समावेश गर्ने गरी संशोधित बढुवा सूची प्रकाशित गरेको लोकसेवा आयोगको नि.नं. १९६।०६६।०६७ मिति २०६६।१२।२३ को निर्णय बदर हुन सक्ने अवस्थाको नदेखिदा उक्त निर्णय बदर गरिपाऊँ भन्ने निवेदन दावी पुग्न नसक्ने।

इजलास अधिकृत : फणिन्द्र पराजुली

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६७ साल मंसिर ७ गते रोज ३ शुभम्।

१२

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री भरतराज उप्रेती,** २०६६ सालको रिट नं. ०८७६, २०६५ सालको निवेदन नं. ८६७२, उत्प्रेषणयुक्त परमादेश, *अर्जुनकुमार सिँह राजपुत वि. शालीग्राम सिंह समेत*

यिनै रिट निवेदक डा. अर्जुनकुमार सिँहले यिनै विपक्षी शालीग्राम सिँहउपर मध्यस्थता ऐन, २०५५ को ३० अनुसार पुनरावेदन अदालत पाटनमा सम्बत् २०६५ सालको मु.नं. २२३३ को निवेदन दायर गरेका र सो रिट निवेदन प्रस्तुत रिट निवेदन यस अदालतमा विचाराधीन रहेको कारण मुल्तबी रहेको भन्ने सो अदालतको मिति २०६६।१।१३ को मिसिल संलग्न मुल्तबी आदेशबाट देखिन्छ। सो मु.नं. २२३३ को निवेदनबाटै मध्यस्थ तोक्नेसम्बन्धी कारवाही गर्दा यी निवेदकको नाममा रीतपूर्वक सूचना गए नगएको प्रक्रियागत विवादहरूबारे पनि निर्णय हुन सक्ने वैकल्पिक कानूनी उपचारको बाटो यी रिट निवेदकले अवलम्बन गरी नै सकेको देखिदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : फणिन्द्र पराजुली

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल साउन ३० गते रोज १ शुभम्।

१३

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री भरतराज उप्रेती,** २०६६ सालको रिट नं. ०६९२, उत्प्रेषणयुक्त परमादेश, *विष्णुकुमार न्यौपाने वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

निवेदकको निलम्बन अवधि समेत समाप्त भइसकेको र निजलाई निलम्बन गर्ने अर्को निर्णय नभएको तथा निजउपर अरू थप कारवाही प्रारम्भ

भएको पनि देखिएको छैन । प्रस्तुत रिट निवेदनमा निवेदकलाई २०६५।१२।७ देखि गरिएको निलम्बन गर्ने निर्णय र सोहीबमोजिम दिइएको पत्र समेत बदर गरी निजलाई काममा लगाउन आदेशको माग गरिएको बाहेक अन्य प्रश्न उठाएको छैन र प्रस्तुत निवेदनबाट अन्य कुराको माग दावी पनि नगरिएकाले अन्य काम कुरा बाँकी नरहेबाट प्रस्तुत रिट निवेदनको प्रयोजन पनि समाप्त भइसकेकाले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : फणिन्द्र पराजुली
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६७ साल साउन ३० गते रोज १ शुभम् ।

१४

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री भरतराज उप्रेती,** २०६३ सालको दे.पु.नं. ०३९१, लिलाम तथा तामेली पर्चा बदर, *महमद मजिद अन्सारी वि. तविजन खातुन*

मूल लेनदेन मुद्दाको पक्ष विपक्ष पनि नभएका र बिगो भरी भराउका सिलसिलामा जग्गा डाँक लिलामको प्रक्रियामा पनि कुनै जानकारी नै नदिएकी विपक्षी वादी तविजन खातुनको जग्गा लिलाम गर्दाको अवस्थामा मुलुकी ऐन दण्ड सजायको ६१ नं. आकृष्ट भई सो बमोजिम अदालती प्रक्रिया अवलम्बन नभएको भन्ने आधारमा विपक्षी वादीको साम्पत्तिक अधिकारमा गैरकानूनी हनन् भएको कार्यलाई कानूनी मान्यता दिन मिल्ने अवस्था नरहने हुँदा वादीको हक जतिको जग्गाको लिलामी र तामेली पर्चा समेत बदर हुने ।

इजलास अधिकृत : चुरामन खड्का
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६७ साल असोज १८ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६३ सालको दे.पु.नं. ०३९०, टिप्पणी आदेश निर्णय तथा दर्ता बदर *महमद मजिद अन्सारी वि. तविजन खातुन* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं ९

१

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री गिरीश चन्द्र लाल,** २०६२ सालको फौ.पु.नं. १०८, अदालतको अपहेलना, *नन्दुराज आचार्य वि. गृहमन्त्री दानबहादुर शाही समेत*

अदालतको अपहेलना गर्ने मनसाय नरहेको एवं अदालतप्रति सदैव सम्मानजनक व्यवहार तथा आचरण प्रदर्शन गर्ने अभिव्यक्ति व्यक्त गरी आश्वस्त बनाएको तथा तत्कालीन राजनीतिक परिस्थिति एवं अवस्थामा उक्त निन्दनीय घटना घट्न गएको र त्यस्तो अवस्था र परिस्थिति हाल विद्यमान नरहेको र पुनः त्यस्तो कार्य नदोहोऱ्याउने प्रतिवद्धता व्यक्त गरेको समेत देखिदा पुनः त्यस्तै प्रकारको कार्य प्रदर्शन गरेमा सख्त कारवाही तथा सजायको भागीदार सम्बन्धित अधिकृत हुने गरी हाल एक पटकलाई अदालतको अपहेलनामा कारवाही गर्नु औचित्यपूर्ण नदेखिने ।

इजलास अधिकृत : अशोककुमार बस्नेत
इति संवत् २०६७ साल भदौ ३१ गते रोज ५ शुभम् ।

२

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री गिरीश चन्द्र लाल,** २०६२ सालको फौ.पु.नं. ९४, अदालतको अपहेलना, *शम्भु थापा वि. मन्त्रिपरिषद्का उपाध्यक्ष तुलसी गिरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

तत्कालीन राजनीतिक परिस्थिति एवं अवस्थामा उक्त घटना घट्न गएको र त्यस्तो अवस्था र परिस्थिति हाल विद्यमान रहेको समेत पाइँदैन । सम्बन्धित व्यक्ति थुनाबाट सोही समयमा मुक्त भएको र विपक्षीहरूबाट अदालतप्रति आस्था एवं सम्मान प्रकट गरी लिखित जवाफ लगाएको देखिएको एवं भविष्यमा अदालतको आदेशको उचित सम्मान गर्ने प्रतिवद्धता व्यक्त गरेको हुँदा हाल अदालतको अपहेलनामा कारवाही गर्नु औचित्यपूर्ण नदेखिने ।

इजलास अधिकृत : अशोककुमार बस्नेत
इति संवत् २०६७ साल भदौ ३१ गते रोज ५ शुभम् ।

३

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री गिरीश चन्द्र लाल,** २०६३ सालको दे.पु.नं. ८८७३, लेनदेन, *कन्हैयालाल साह रौनियार वि. गोपाल साह रौनियार*

लिखतलाई करारनामा भनी नामाकरण गरेको एवं करार भए गरेको तथ्यमा विवाद नरही दुबै पक्षको मुख मिलेको अवस्था हुँदा एवं करार ऐन, २०२३ मा करारको कुनै ढाँचा नतोकेको अवस्थामा विवादित लिखत करार ऐन, २०२३ को दफा २(क) मा परिभाषित अवस्थाभित्रको देखिन गई करारको लिखत मान्नु पर्ने ।

करार ऐन, २०२३ बमोजिम सम्पन्न भएको करारमा उल्लिखित शर्तहरू पूरा नभएको अवस्थामा के कस्तो कार्यविधि अवलम्बन गर्ने भन्ने उक्त ऐनमा नै स्पष्ट व्यवस्था भएकोमा सोअनुसार दावी नलिई दावी नै लाग्न नसक्ने मुलुकी ऐन, लेनदेन व्यवहारको महलमा भएको कानूनी व्यवस्थाको आधारमा दावी लिई आउनु कानूनसम्मत मान्न नमिल्ने ।

इजलास अधिकृत : अशोककुमार बस्नेत

इति संवत् २०६७ साल भदौ ३१ गते रोज ५ शुभम् ।

४

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री गिरीश चन्द्र लाल,** २०६५ सालको दे.पु.नं. ०६६४, हक सफा समेत, *मधुसुदन भण्डारी वि. गोपी प्रजा*

नाताभित्रको हकदारले सन्धिसर्पन पर्ने जग्गा निखनाई लिन पाउने नै देखिदा प्रतिवादीले वादीको जग्गामा आवतजावत गर्ने बाटो निकास रहेको भनी जिकीर लिए पनि अदालतबाट भै आएको नक्सा एवं सर्भे नापी नक्सा समेतबाट वादीको कि.नं. १३४ को जग्गामा पुग्न कि.नं. १३५ र १३६ को जग्गाबाट मात्र एकमात्र निकास रहेको र अन्यत्र भीर भएबाट निकास प्रयोजनको लागि असम्भव भएको भन्ने भै आएको नक्सा मुचुल्काबाट समेत पुष्टि भएको देखिदा वादी दावीबमोजिम कि.नं. १३५ र १३६ को जग्गा निखनाई पाउने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

संवत् २०६७ साल मंसिर १६ गते रोज ५ शुभम् ।

५

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** २०६५ सालको दे.पु.नं. ०८२९, जग्गा खिचोला मेटाई चलन चलाई पाऊँ, *छोटु मल्लाह वि. भग्गन मल्लाह*

प्रतिवादीले मगन महलाहबाट मिति २०४९।१२।११ मा मञ्जूरनामाको लिखतबाट जग्गा लिई घर बनाई बसेको देखिदा र सो लिखतलाई वादीले अन्यथा भन्न नसकेको हुँदा प्रतिवादीले घरधुरीको प्रमाण समेत पेश गरेको स्थितिमा न.नं. २४ को घरजग्गाबाट विस्थापित गर्नुपर्ने कानूनी आधार नदेखिएबाट घरजग्गा खिचोला गरेको भन्ने वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६७ साल कात्तिक १५ गते रोज २ शुभम् ।

६

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६१ सालको फौ.पु.नं. ३३५३, आयकर, *रतनलाल संघई वि. आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं ३*

कर कार्यालय काठमाडौंले आ.व. २०४८।०४९ को आयकर निर्धारण गर्दा तलब, भत्ता, ज्याला खर्च कारोबारको अनुपात एवं गत आ.व.को तुलनामा बढी देखिएको हुँदा मनासिब माफिकसम्मको रकम छूट दिई आवश्यकभन्दा बढी देखिएको रकम आयमा समावेश गरेको भनी रू.९८,४३०।- आयमा समावेश गरेको देखियो । कर्मचारीको तलब, भत्ता, ज्याला, खर्चबापतको रकम रू.९८४३०।- कामदार कर्मचारीलाई भुक्तानी दिएको प्रमाणित भएको अवस्थामा केवल विगत वर्षमा भन्दा बढी भयो भन्ने मात्र आधारमा उक्त रकम खुद आयमा कट्टा गर्नुपर्नेमा सो कट्टा नगरेको कर कार्यालय काठमाडौं क्षेत्र नं. ३ को मिति २०५१।३।३१ को निर्णय सदर गरेको राजस्व न्यायाधीकरण काठमाडौंको फैसला मिलेको नदेखिदा केही उल्टी हुने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल माघ २५ गते रोज २ शुभम् ।

७

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६१ सालको फौ.पु.नं. ३३५४, आयकर, *रतनलाल संघई वि. आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं ३ समेत*

आयकरमा छूट पाउने आधार र प्रमाण पेश गर्न नसकेकोमा त्यस्तो प्रमाणको अभावमा दावी लिएको रकम आयकरमा कट्टा नगरेको कर कार्यालयको निर्णय उल्लिखित रकमको हुने ४० प्रतिशतले हुने रकम रू. ८,६९,६००।- खुद आयबाट कट्टा गरिपाऊँ भनी जिकीर लिएको भरमा सबूद प्रमाणको अभावमा औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५ ञ को सुविधा दिन नमिल्ने ।

पूरै रकम मिनाहा पाउनु पर्ने भनी यी पुनरावेदकले पुनरावेदन जिकीर लिए पनि सो मिनाहा पाउनु पर्ने भन्ने ठोस सबूद प्रमाण पेश गर्न सकेको नदेखिँदा सग्लो मालसामान सरह मूल्य कायम गर्न नमिल्ने भनी सग्लो मालको हुने मूल्यमा ७५ प्रतिशतसम्म मिनाहा दिई गरेको राजस्व न्यायाधीकरण काठमाडौंको फैसला मिलेकै देखिने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल माघ २५ गते रोज २ शुभम् ।

८

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६१ सालको फौ.पु.नं. ३३५५, आयकर, *रतनलाल संघई वि. आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं ३*

अन्तिम मौज्दातमा रहेको मालको मूल्याङ्कन गर्दा लागत मूल्य वा बजार मूल्यमध्ये कुनै एउटामा राख्नु पर्ने कुरा नेपाल सरकारको मिति २०३४।५।२० को नेपाल राजपत्र तथा आयकर ऐन, २०३१ दफा ४९(५) ले लेखा राख्ने तरिका बारेको सूचना समेतमा उल्लेख गरेको देखियो भने मिति २०४९।८।२९ को सूचनाको दफा २ मा कर विभागको स्वीकृतिबेगर मूल्याङ्कनका आधारमा परिवर्तन गर्न नमिल्ने देखिएबाट कर कार्यालयले त्यस्तो फरक परेको रकमलाई खुदआयमा समावेश गरी आयकर लगाउन सक्ने कानूनी प्रावधानको अभावमा आय कायम गरी आयकर लगाएको कार्यलाई कानूनसम्मत मान्न नमिल्ने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल माघ २५ गते रोज २ शुभम् ।

९

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६१ सालको फौ.पु.नं. ३३५६, आयकर, *रतनलाल संघई वि. आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं ३*

आयकर ऐन, २०३१ को दफा ४९(५) अनुसार लेखाको प्रक्रिया तोकी अर्थ मन्त्रालयबाट नेपाल राजपत्र भाग ३ खण्ड ४२ संख्या ३५ मिति २०४९।८।२९ मा प्रकाशित सूचना हेर्दा अन्तिम मौज्दातको विवरण राख्दा लागत मूल्य वा बजार मूल्य जुन घटी हुन्छ, सो आधारमा मौज्दातको मूल्याङ्कन गर्नु पर्ने कुरा उल्लेख भएको देखिँदा करदाताले दुईमध्ये कुनै एकको आधारमा राखेको मूल्यलाई कायम गर्नु पर्ने प्रावधानअनुरूप फरक परेको मौज्दात मूल्याङ्कन रकम १,१३,९०९।९८ लाई मिनाहा दिनुपर्नेमा सो मिनाहा नदिने गरी शुरू कर कार्यालयको निर्णय सदर गरेको राजस्व न्यायाधीकरण काठमाडौंबाट मिति २०५७।८।२९ को फैसला सो हदसम्म मिलेको नदेखिदा केही उल्टी हुने ।

आयकर ऐन, २०३१ (संशोधन सहित) को दफा ४१(ग) बमोजिम स्रोतमा कर कट्टी नगरी बहाल भुक्तानी गरेको देखियो । ऐनले निर्दिष्ट गरेबमोजिम स्रोतमा कर कट्टी गरेर मात्र बहाल भुक्तानी गर्नु पर्नेमा सोबमोजिम कर कट्टी नगरेको बहाल भुक्तानी मिनाहा दिन नमिल्ने भनी खुद आयमा समावेश गरेकोमा सो बहालमा लाग्ने करसम्म खुद आयमा समावेस गर्ने गरी भएको राजस्व न्यायाधीकरण काठमाडौंको फैसला मिलेको देखिदा घर बहाल बापतको रकम सबै मिनाहा पाउनु पर्छ भन्ने पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

संवत् २०६६ साल माघ २५ गते रोज २ शुभम् ।

१०

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६१ सालको फौ.पु.नं. ३३५७, आयकर, *रतनलाल संघई वि. आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं ३ समेत*

घर बहाल भुक्तानी गर्दा आयकर ऐन, २०३१( संशोधन सहित) को दफा ४१(ग) बमोजिम स्रोतमा

कर कट्टी नगरी बहाल भुक्तानी गरेको देखियो । ऐनले निर्दिष्ट गरेबमोजिम स्रोतमा कर कट्टी गरेर मात्र बहाल भुक्तानी गर्नु पर्नेमा सोबमोजिम कर कट्टी नगरेको बहाल भुक्तानी मिनाहा दिन नमिल्ने भनी खुद आयमा समावेश गरेकोमा सो बहालमा लाग्ने करसम्म खुद आयमा समावेश गर्ने गरी भएको राजस्व न्यायाधीकरण काठमाडौंको फैसला मिलेको देखिने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

संवत् २०६६ साल माघ २५ गते रोज २ शुभम् ।

११

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६२ सालको फौ.पु.नं. ३७९३, आयकर, *जगदिश घोष वि. २ नं. क्षेत्र कर कार्यालय, काठमाडौं*

क्षमता अभिवृद्धिको काम भए गरेको हो भन्ने पुष्टि गर्ने प्रमाण पेश गर्न र सोबाट कम्पनीलाई के कस्तो फाइदा वा उपलब्धि हुने हो भन्ने तथ्य पुष्टि हुने कुनै ठोस सबूद प्रमाण पेश गर्न सकेको नदेखिदा खर्च मिनाहा हुनुपर्ने कानूनी प्रावधान समेत विद्यमान भएको नदेखिएको अवस्थामा खर्चको यथोचित औचित्यसहितको फाँटवारीसहितको प्रमाणको अभावमा मिनाहा पाउनु पर्छ भन्न नमिल्ने ।

मनासिब आधार र कारण बिना वितरण गर्नुपर्ने कुनै मनासिब बोनसबापतको रकम कम्पनीले आफ्नो नियन्त्रणमा आफ्नै खातामा राखेको अवस्थामा कर्मचारीको कल्याणको लागि खर्च गरेको मान्न मिलेन । बोनसबापतको रकम कर्मचारीलाई वितरण गरेको प्रमाणको अभावमा यस्तो रकमलाई खर्चको रूपमा मान्यता दिन नमिल्ने हुँदा सो रकमलाई खुद आयमा समावेश गरी कम्पनीले गरेको खर्च अमान्य गरेको राजस्व न्यायाधीकरण काठमाडौंको फैसला मनासिबै देखिदा आयकर ऐन, २०३१ को दफा ४१(भ) बमोजिम मिनाहा दिन नमिल्ने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

संवत् २०६७ साल जेठ ३१ गते रोज २ शुभम् ।

१२

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६२ सालको फौ.पु.नं. ३७९४, आयकर, *जगदिश घोष वि. २ नं. क्षेत्र कर कार्यालय, काठमाडौं*

दशैं खर्च भनी भुक्तानी गएको रकममध्ये एक महिनाको तलब बराबरको रकमसम्म मिनाहा हुने तर सोभन्दा बढी भत्ताहरू जोडी पारिश्रमिक बराबर बनाई दिइएको दशैं खर्चमा बढी भए जति रकम खुद आयमा समावेश गर्नु पर्ने देखिदा खुद आयमा समावेश गर्ने गरेको रू. १,३२,४७१।८३ खर्च लेख्न पाउने कानूनी प्रावधान र प्रमाणको अभावमा यस्तो रकमलाई खर्चको रूपमा मान्यता दिन नमिल्ने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

संवत् २०६७ साल जेठ ३१ गते रोज २ शुभम् ।

## इजलास नं १०

१

**मा.न्या. श्री रणबहादुर बम र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६६ सालको स.फौ.पु.नं. ०६८८, ०४४, जबर्जस्ती करणी, *मनमोहन मल्ल वि. नेपाल सरकार, नेपाल सरकार वि. मनमोहन मल्ल समेत*

१३ वर्षकी नाबालिकाले यी प्रतिवादीले आफूलाई करणी गरेको भनी आफ्नो अस्मितामाथि आँच आउने गरी अदालतमा समेत आई पोल गर्नुपर्ने कुनै रिसइवी कारण पनि केही देखिदैन । तसर्थ ढिलो जाहेरी परेको र प्रतिवादीले अन्यत्रको जिकीर लिएको कारण जबर्जस्ती करणीको वारदात नै नभएको भन्न नमिल्ने ।

अनुसन्धानको क्रममा भएको कागज र निजले गरेको बकपत्रबाट समेत समर्थित र पुष्टि भएको हुँदा पुनरावेदक प्रतिवादी मनमोहन मल्लले अभियोग दावीबमोजिम पीडितलाई जबर्जस्ती करणीको महलको १ र ३ (२) नं. को कसूर अपराध गरेको ठहर्छ । सो ठहर्नाले निजलाई ८ वर्ष कैद हुने ।

पेन्सन बाहेक अन्य कुनै जायजेथा आयस्रोत नभएको भन्ने देखिएकोले र सो घटनाबाट पीडितलाई पुग्न गएको शारीरिक एवं मानसिक क्षति निजलाई भराई दिने क्षतिपूर्तिको रकमले पूर्ति गर्न नसक्ने देखिए तापनि निज प्रतिवादीको आयस्रोत एवं पीडितलाई पुग्न गएको शारीरिक एवं मानसिक क्षतिलाई समेत दृष्टिगत गरी निज प्रतिवादीले पाउने पेन्सन रकमबाट रू. ३५,०००।- (पैंतीस हजार) पीडित डालीमा भन्ने भावना रोकाहालाई मुलुकी ऐन,

जबर्जस्ती करणीको महलको १० नं. बमोजिम क्षतिपूर्ति भराई दिनु पर्ने ।

केवल आफ्नो घरमा बोलाएको आधारमामात्र जबर्जस्ती करणी गराउन बोलाएको र सो गर्न अह्राएको, लगाएको भनी अनुमान गर्न र अनुमानका भरमा कसूरदार ठहऱ्याउन पनि पर्याप्त सबूद प्रमाणको अभावमा न्यायोचित हुने नदेखिने ।

इजलास अधिकृत : परशुराम भट्टराई

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल असोज १३ गते रोज ४ शुभम् ।

२

**मा.न्या. श्री रणबहादुर बम र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६६ सालको स.फौ.पु.नं. ०५४८, ज्यान मार्ने उद्योग, चोरी, *ओमनाथ धिमाल वि. नेपाल सरकार*

सबै वारदातमा तेस्रो पक्षको हस्तक्षेप हुनु आवश्यक सम्भव हुँदैन । प्रतिवादीले धारिलो हतियार आफ्नो साथैमा लिई गई पीडितलाई झुक्यानमा पारी घाँटीलगायत शरीरका विभिन्न भागमा घातक प्रहार गरी मरणासन्न हुने गरी चोट छाडेको देखिन्छ । प्रतिवादी वारदात भएको करीव ३ वर्षपछि प्रहरीबाट पक्राउ भएका छन् । त्यस्तो अवस्थामा नगद रूपैयाँ सबै बरमद हुन सक्ने अवस्थको परिकल्पना गर्न नमिल्नुका साथै पीडितले खुलाएको बिगोलाई समेत अन्यथा सम्झन नमिल्ने ।

इजलास अधिकृत : परशुराम भट्टराई

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल असोज १३ गते रोज ४ शुभम् ।

३

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री सुशीला कार्की,** २०६४ सालको CR-०१७०, नकबजनी चोरी, *नेपाल सरकार वि. सुनिल भण्डारी समेत*

प्रतिवादीहरूउपर दोस्रो पटकको माग दावी अर्को मुद्दामा लिइएको छ वा अन्य मुद्दामा सजाय भई सकेको छ भनी पुनरावेदन जिकीर लिदैमा पर्याप्त हुँदैन, त्यस्तो जिकीरसाथ प्रमाण पनि पेश हुनुपर्छ । प्रतिवादीहरूलाई वादी पक्षले प्रस्तुत मुद्दाको रोहमा तेस्रो पटक कायम गरी सजाय गर्न पहिले पटकको लागि अभियोग माग दावी लिई दावीअनुसार पटक कायम गरी सजाय गरिएको फैसलासहितको प्रमाण प्रस्तुत गर्न सकेको नपाइदा वादी नेपाल सरकारको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल कात्तिक १४ गते रोज १ शुभम् ।

४

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री सुशीला कार्की,** २०६४ सालको CI-०२०५, जग्गा खिचोला चलन, *नेवालाल मिश्र वि. जिवसलाल मिश्र*

नक्सा कुण्डलीअनुसार वादी प्रतिवादी दुबै पक्षको जग्गा दर्ता स्रेस्ताभन्दा घटी भएको तथा वादीको जग्गा प्रतिवादीले खिचोला गरेको पुष्टि हुने प्रमाण मिसिल संलग्न नदेखिँदा वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल कात्तिक १४ गते रोज १ शुभम् ।

५

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.नं. ९०२४, अंश दर्ता, *संझादेवी सुडिन समेत वि. सुन्नैरदेवी सुडिन समेत*

दण्ड सजायको ४६(१) नं मा व्यवस्थित हदम्याद सो मुद्दामा भएको फैसला कार्यान्वयन गर्ने समय सीमा मात्र हो । अंश मुद्दामा अन्तिम फैसला भएको शुरू दुई र थप एक वर्ष समेत तीन वर्षपछि सो फैसला कार्यान्वयनको लागि दरखास्त लिन र अड्डाबाट बण्डा छुट्याई दिन मात्र दण्ड सजायको ४६(१) नं. ले निषेध गरेको हो । यस कानूनले सो अवधिपछि पाउने ठहरेको अंश हक लोप नै हुन्छ, समाप्त नै हुन्छ भनेको होइन । के कुन सम्पत्ति सो अंश मुद्दाको फैसलाबाट प्राप्त भयो सो विवरण खोली हक कायम दर्ता नामसारी जस्ता कानूनी प्रक्रिया अवलम्बन गर्न अदालतको अन्तिम फैसलाबाट अंश हक प्राप्त गर्ने पक्षलाई कानूनी मार्ग नै बन्द गरिएको अर्थमा दण्ड सजायको ४६(१) नं. लाई ग्रहण गर्न नमिल्ने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६७ साल जेठ २३ गते रोज १ शुभम् ।

६

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ८७७५, दर्ता बदर हक कायम, *थकाल्नी (दमिनी) परियार वि. खड्गबहादुर (दमाई) परियार समेत*

प्रमाण ऐन, २०३१ को दफा २६ अनुसार वादी दावी प्रमाणित गर्ने भार वादीमा रहन्छ। प्रतिवादीहरूको नाममा सुकुम्बासी समस्या समाधान आयोगबाट निर्णय भई दर्ता भएको विवादित दावीको जग्गा वादीको हक स्वामित्वको हो भन्ने प्रमाण वादीले प्रस्तुत गर्न सकेको देखिएन। वादी दावीअनुसार हालको चार किल्ला साविक मोठ स्रेस्तासँग भिड्न नसकेको अवस्था र कि.नं. १६ को १८६-२-२-१ जग्गामध्येको प्रतिवादीहरूको नाममा दर्ता भएको कि.नं. ५४२ र ५५५ को जग्गा नै वादीको जग्गा हो भन्ने तथ्य प्रमाणद्वारा स्थापित हुन नसकेको अवस्था एकातर्फ देखिन्छ भने अर्कोतर्फ विवादित जग्गामा आफ्नो हकभोग भएको भनी वादीले दावी लिएतापनि उक्त जग्गामा प्रतिवादीहरूको भोग बसोवास रहेको तथ्य सुकुम्बासी समस्या समाधान आयोगको निर्णयबाट देखिएको हुँदा वादी दावी विश्वसनीय तथ्यमा आधारित रहेको समेत पाइएन। यसबाट प्रस्तुत मुद्दामा वादीले आफ्नो दावी प्रमाणित गर्ने भार पूरा गर्न सकेको मान्न नमिल्ने।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल
कम्प्युटर : चन्द्रा तिमल्सेना
इति संवत् २०६७ साल कात्तिक १६ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६२ सालको फौ.पु.नं. ३६८३ जालसाजी, *थकाल्नी (दमिनी) परियार वि. खड्गबहादुर ( दमाई) परियार समेत*
- २०६२ सालको दे..पु.नं. ८७७६, घर हटाई पाऊँ, *थकाल्नी (दमिनी) परियार वि. अक्कले (दमाई) परियार*
- २०६२ सालको दे.पु.नं. ८७७७, घर हटाई पाऊँ, *थकाल्नी (दमिनी) परियार वि. खड्गबहादुर (दमाई) परियार समेत*

## एकल इजलास

१

**मा.न्या. श्री रामकुमारप्रसाद शाह,** ०६७-WO-०२२५, उत्प्रेषणयुक्त परमादेश, *रामरतन चौधरी वि. शिक्षा मन्त्रालय समेत*

निवेदकले २ पटक २ वटा सिटरोल भरी पेश गरेकोमा अघिल्लो सिटरोलमा लेखिएको उमेरका आधारमा अवकाश दिएको देखिदा एकै कर्मचारीले दुई भिन्न समयमा आफ्नो २ वटा भिन्न उमेर लेखी कार्यालयमा सिटरोल भरी पेश गरेकोमा अघिको सिटरोलमा लेखिएको उमेरका आधारमा अवकाश दिएको कार्य उक्त दफा ३३(३) को कानूनप्रतिकूल छ भन्न नमिल्ने।

इजलास अधिकृत : पुष्पराज थपलिया
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०६७ साल भदौ २९ गते रोज ३ शुभम्।

२

**मा.न्या. श्री कल्याण श्रेष्ठ,** २०६७-WO-००११, उत्प्रेषण समेत, *नृपबहादुर बिष्ट समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

निर्णय भएको लगभग ३ वर्षसम्म सो निर्णयलाई स्वीकार गरी सो निर्णयबमोजिम कामकाज गरी सुविधा समेत लिइसकेका यी निवेदकहरूले यस्तो बिलम्ब गरी दर्ता भएको प्रस्तुत रिट निवेदनमा विपक्षीहरूबाट लिखित जवाफ समेत मगाउनु पर्नेसम्म अवस्था विद्यमान नदेखिदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : बिमल पौडेल
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल साउन १० गते रोज २ शुभम्।

३

**मा.न्या. श्री सुशीला कार्की,** २०६७ सालको WO-०४२५, उत्प्रेषण परमादेश समेत, *सत्यनारायण चौधरी समेत वि. जिल्ला भूमिसुधार कार्यालय, सिरहा समेत*

आफ्नो अधिकारमा आघात पुगेको छ भने त्यस्तो अधिकारको सम्बन्धमा कतै उपचार नखोजी अनन्तसम्म सुरक्षित रहिरहन्छ भन्न मिल्दैन। मिति २०२४।६।१६ तथा २०२५।१०।१६ को निर्णय सम्बन्धमा

साविक जग्गाधनीले र त्यसपछि निजका हकवालाहरूले कानूनी उपचारको मार्ग अवलम्बन नगरी उचित कारण नभई लामो समयसम्म चुप लागेर बसेको र हाल आएर निजका हकवालाहरूले निवेदन लिई अदालत प्रवेश गरेको देखिदा प्रस्तुत निवेदन बिलम्ब गरी दर्ता भएको देखिएकोले रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल कात्तिक ३० गते रोज ३ शुभम् ।

४

**मा.न्या. श्री भरतराज उप्रेती,** २०६७ सालको WO-०१७०, उत्प्रेषण परमादेश समेत, *रामचन्द्र घिमिरे वि. जगतनारायण कुर्मी चौधरी समेत*

लिलाम गरिने जग्गाको पञ्चकृते मोल कायम गर्ने सम्बन्धमा जिल्ला अदालत नियमावली, २०५२ ले गरेको व्यवस्था हेर्दा उक्त नियमावलीको नियम ७५(५) मा "पञ्चकृते मोल कायम गर्दा आवश्यकताअनुसार देहायको कुनै वा सबै आधार लिन सक्नेछ" भनी देहाय (क) देखि (झ) सम्म विभिन्न आधारहरू तोकेको देखिन्छ । उक्त नियमको परिप्रेक्ष्यमा ऐ. नियम ७५(५)(६) समेतका एकभन्दा बढी आधार लिई जिल्ला अदालत तहसील शाखाबाट मिति २०६६।११।२७ मा विवादित जग्गाको पञ्चकृते मूल्याङ्कन भएको सो मूल्याङ्कन कागजबाट नै स्पष्ट हुने अवस्था र स्थितिमा निवेदन दावीकै भरमा मात्र मूल्याङ्कन कार्यलाई अन्यथा भन्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६७ साल भदौ १५ गते रोज ३ शुभम् ।

५

**मा.न्या. श्री भरतराज उप्रेती,** २०६७ सालको WO-०१६९, उत्प्रेषण प्रतिषेध मिश्रित परमादेश, *देवनारायण चौधरी समेत वि. सूर्यकुमार पाल समेत*

लेनदेन मुद्दामा अदालतको अन्तिम फैसलाबमोजिम फैसला कार्यान्वयनको सिलसिलामा रोक्का रहेको निवेदन दावीको जग्गा फुकुवा सम्बन्धमा परेको निवेदनमा तहसीलदारबाट भएको आदेश बदर गरेको सप्तरी जिल्ला अदालतको आदेश पुनरावेदन अदालत राजविराजबाट मिति २०६६।११।२८ मा परीक्षण भैसकेकोमा सोही विषयमा निवेदकले पुनः निवेदन दिएको र सप्तरी जिल्ला अदालतको मिति २०६७।२।७ एवं पुनरावेदन अदालत राजविराजको मिति २०६७।३।२४ को आदेशले निवेदन दावीको जग्गा समेतबाट बिगो भराउने कार्यले निरन्तरता पाएको स्थिति देखिन्छ । पुनरावेदन अदालतको सो आदेशबाट यी रिट निवेदकको के, कुन मौलिक एवं कानूनी हक के कसरी हनन् भएको हो भन्ने सम्बन्धमा ठोस र तर्कसंगत रूपमा कानूनी आधारहरू रिट निवेदनमा प्रस्तुत गर्न सकेको समेत नदेखिदा फैसला कार्यान्वयनको सिलसिलामा तह तह अदालतबाट परीक्षण भैसकेको समेत विषयमा उचित र पर्याप्त आधार बिना अदालतको फैसला कार्यान्वयन प्रक्रिया नै अवरूद्ध हुने गरी आदेश जारी गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६७ साल भदौ १५ गते रोज ३ शुभम् ।

६

**मा.न्या. श्री भरतराज उप्रेती,** २०६७ सालको WO-०१७३, उत्प्रेषण परमादेश, *जहुरी धामी वि. भूमिसुधार कार्यालय, राजविराज समेत*

कि.नं. १८३ र २३५ को जग्गाको मोही भै निजले सो जग्गाका जग्गाधनी यी रिट निवेदकउपर भूमिसुधार कार्यालय सप्तरीमा मोहीको हैसियतले जग्गा बाँडफाँड गरिपाऊँ भनी निवेदन दिई कारवाहीयुक्त अवस्थामा रहेकोमा सोही सिलसिलामा निज मोहीले दावीको जग्गा रोक्का राखिपाऊँ भनी अ.बं. १७१(क) नं. बमोजिम दिएको निवेदनअनुसार जग्गा रोक्का राखिएको भन्ने मिसिल कागजातबाट देखिन आएको छ । उक्त जग्गा बाँडफाँड मुद्दामा विपक्षी भूमिसुधार कार्यालयबाट जारी भएको म्यादमा प्रतिउत्तर नफिराई म्याद गुजारी मुद्दा एकतर्फी भएको कुरालाई रिट निवेदकले निवेदनमा नै स्वीकार गरेको पाइन्छ । यसरी निजले प्रतिउत्तर समेत नफिराई उल्लिखित मोही बाँडफाँडसम्बन्धी विवाद चलिरहेको अवस्थामा उक्त मुद्दाका वादी एवं विवादित कि.नं. १८५ र २३५ को जग्गाको मोहीको निवेदन मागअनुसार विपक्षी भूमिसुधार कार्यालयबाट सो जग्गा रोक्का राखेको कार्य कानूनअनुरूप नै देखिने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६७ साल भदौ १५ गते रोज ३ शुभम् ।